Siddhartha Bank Ltd.
Head Office
Naxal, Kathmandu, Nepal
P.O.Box: 13806
Phone: +977 1 5970720
info@sbl.com.np
SWIFT:SIDDNPKA
www.siddharthabank.com

Siddhartha Bank

549856

च.नं. 66/SH/082/083

मिति: २०८२।०८।२५

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाण्डौ,
नेपाल ।

विषय: चौबिसौं वार्षिक साधारण सभाको निर्णय बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८२ कार्तिक ३० गते आइतबार (तद्अनुसार १६ नोवेम्बर, २०२५) मा सम्पन्न यस बैंकको चौबिसौं वार्षिक साधारण सभाबाट पारित निम्न विवरणहरु अभिलेखको लागि यसै निवेदनका साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

**संलग्न :**

१. चौबिसौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्युट) ।
२. चौबिसौं वार्षिक साधारण सभाबाट पारित बैंकको वार्षिक प्रतिवेदन ।

भवदीय,

लक्ष्मण घिमिरे
कम्पनी सचिव

Siddhartha Bank

Excellence in Driving Innovation
Awarded by: VISA
Best Operation Bank South Asia 2021
Awarded by: IFC International Finance Corporation World Bank Group
Creating Markets, Creating Opportunities
"A" Class Institution Licensed by Nepal Rastra Bank

## सिद्धार्थ बैंक लिमिटेडको
## चौबिसौं वार्षिक साधारण सभाको
## कामकारवाहीको विवरण (माइन्यूट)

१. **सभाको काम कारवाही:**

मिति २०८२ साल कार्तिक ३० गते, (तद्नुसार १६ नोवेम्बर, २०२५) आईतबारका दिन यस सिद्धार्थ बैंक लिमिटेडको चौबिसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री राहुल अग्रवालज्यूको अध्यक्षतामा कम्पनी ऐन, २०६३ बमोजिम सम्पन्न भयो । बैंकको चौबिसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट) देहाय बमोजिम रहेको छ ।

२. **सभाको मिति, समय र स्थान:**

| | |
|---|---|
| मिति | : २०८२ साल कार्तिक ३० गते, आईतबार (तद्नुसार १६ नोवेम्वर, २०२५) । |
| स्थान | : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं । |
| समय | : बिहान १०:०० बजे |

३. **सभाको सूचना र सूचना प्रकाशन मिति:**

बैंकको मिति २०८२ साल असोज ३१ गते शुक्रबार, (तद्अनुसार १७ अक्टोबर, २०२५) गतेका दिन बसेको बैंकको सञ्चालक समितिको ४६२औं बैठकको निर्णयानुसार बोलाईएको बैंकको चौबिसौं वार्षिक साधारण सभाको लागि बैंकमा हाल लागु नियमावली तथा प्रचलित कम्पनी ऐन, २०६३ बमोजिम चौबिसौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची समेत राखी प्रथम पटक मिति २०८२ कार्तिक ०१ गतेको नागरिक राष्ट्रिय दैनिक तथा मिति २०८२ कार्तिक १६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

४. **सभामा उपस्थिति:**

४.१. **सञ्चालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १. | श्री राहुल अग्रवाल | अध्यक्ष |
| २. | श्री दिनेश शंकर पालिखे | सञ्चालक |
| ३. | श्री बिरेन्द्र कुमार शाह | सञ्चालक |
| ४. | श्री अंकित केडिया | सञ्चालक |
| ५. | श्री भोजन अर्याल | सञ्चालक |
| ६. | श्री कमला वाग्ले | स्वतन्त्र सञ्चालक |

४.२. **पर्यवेक्षकको उपस्थिति:**

१. श्री मुक्ति नाथ सुवेदी, प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि.

२. श्री अमन उप्रेती, प्रतिनिधि- बाह्यलेखापरीक्षक, एस.ए.आर.एसोसिएट्स, चार्टड एकाउण्टेण्ट्स

३. श्री संजिप कुमार अधिकारी, प्रतिनिधि- कम्पनी रजिष्ट्रारको कार्यालय

४.३. पदाधिकारीहरुको उपस्थितीः

| | | |
|---|---|---|
| १. | श्री सुन्दर प्रसाद कडेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री रामेश्वर प्रसाद बस्याल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री अर्जुन भद्र खनाल | प्रमुख-क्रेडिट अन्डरराइटिङ अधिकारी |
| ४. | श्री सृजन कृष्ण मल्ल | प्रमुख-सुचना प्रविधि अधिकारी |
| ५. | श्री सुरेश राज महर्जन | प्रमुख-मार्केटिङ अधिकारी |
| ६. | श्री प्रशन्न खड्का | प्रमुख-कर्पोरेट बैकिङ अधिकारी |
| ७. | श्री मनोहर के.सी. | प्रमुख- रिटेल बैकिङ अधिकारी |
| ८. | श्री प्रदिप पन्त | प्रमुख- एम.एस.एम.इ. बैकिङ अधिकारी |
| ९. | श्री प्रविण निधि तिवारी | प्रमुख- सञ्चालन अधिकृत |
| १०. | श्री लक्ष्मण घिमिरे | कम्पनी सचिव |
| ११. | श्री प्रमेश श्रेष्ठ | प्रमुख- रणनीति तथा वित्त |
| १२. | श्री संजय प्रधान | प्रबन्धक-आन्तरिक लेखापरीक्षण विभाग |
| १३. | श्री दिपेन्द्र पौडेल | प्रबन्धक-समान्य प्रशासन विभाग |
| १४. | श्री नर बहादुर रावल | प्रबन्धक-केन्द्रीय कर्जा असुली विभाग |

५. सभाको गणपुरक संख्याः

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधी मार्फत | | |
| १४,०८,९९,८०१.८९ | ७,७२,०९,०२० | १,०१४ | ९४ | १,१०८ | ५४.८० |

६. सभाको विषयसूची तथा प्रस्तावहरुः

(क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको चौबिसौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लिमिटेड." को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त

गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री एस.ए.आर.एसोसिएट्स, चार्टड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्न ।)

५. बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) को ५.५३ प्रतिशतका दरले हुने रु. ७७,९१,७५,९०५/- (सतहत्तर करोड एकान्नब्बे लाख पचहत्तर हजार नौ सय पाँच रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) को पाँच (५) प्रतिशतका दरले हुने रु. ७०,४४,९९,०१०/- (सत्तरी करोड चौवालीस लाख उनानसय हजार दस रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।

२. माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप/परिमार्जन गर्ने ।

३. सञ्चालकको भत्ता तथा सुविधामा थप तथा हेरफेर र सो बमोजिम बैंकको नियमावलीमा संशोधन गर्ने ।

४. माथि प्रस्ताव गरिए बमोजिम प्रबन्धपत्र र नियमावलीमा संशोधन लगायत सोसँग सम्बन्धित कार्यहरु स्वीकृती र अभिलेखका क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतमा संशोधन/फेरबदल गर्न निर्देशन सुझाव प्राप्त भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

५. सञ्चालक समितिको मिति २०८२ साल ज्येष्ठ २३ गते बसेको ४५२औं बैठकले कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंकको नियमावलीको अधिनमा रहि स्वतन्त्र सञ्चालक पदमा चार (४) वर्षका लागि श्री कमला वाग्लेलाई नियुक्त गरेकोमा सो नियुक्तिलाई अनुमोदन गर्ने ।

६. बैंकले आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

**(ग) विविध**

## ७. सभाको वैधानिकताः

कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र एवं नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐन, २०६३ एवं बैकको प्रबन्धपत्र तथा नियमावलीको प्रावधान बमोजिम साधारण सभाको गणपूरक सँख्या बाँडफाँट भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये तीन (३) जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान भएको र बैंकको चौबिसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल संख्या १,१०८ (प्रोक्सी समेत) एवं कुल शेयरको ५४.८० प्रतिशत प्रतिनिधित्व

भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक रहेको व्यहोरा कम्पनी सचिवले सभाका अध्यक्षज्यू समक्ष प्रस्तुत गर्नुभयो ।

## ८. सभाको सभापतित्व र सभा सञ्चालनः

कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम बैंकको सञ्चालक समितिका अध्यक्ष श्री राहुल अग्रवालज्यूले बैंकको चौबिसौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको थियो । सभाको वैधानिकताबारे कम्पनी सचिवले जानकारी गराइसके पश्चात् अध्यक्षज्यूले सभाको कारवाही अघि बढाउनु भयो ।

## ९. अध्यक्षज्यूबाट चौबिसौं वार्षिक प्रतिवेदन प्रस्तुतिः

चौबिसौं वार्षिक साधारण सभाको निर्धारित विषय सूची नं. १ मा समावेश गरिएको बैंकको सञ्चालक समितिको प्रतिवेदन आ.व. २०८१/८२ को महत्वपूर्ण पक्ष समेटेर तयार गरिएको संक्षिप्त मन्तव्य सहित बैठकको अध्यक्षता गरिरहनु भएका सञ्चालक समितिका अध्यक्ष श्री राहुल अग्रवालज्यूले आफ्नो मन्तव्य राख्नु भयो ।

### संस्थागत सामाजिक उत्तरदायित्व वृत्तचित्र प्रस्तुतीः

गत वर्षको साधारण सभामा हामीले हाम्रा श्रद्धेय शेयरधनीहरुलाई हाम्रो बैंकद्वारा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत गरेका कार्यहरुलाई समेटेर एक वृतचित्र (Documnentary) अर्को साधारण सभामा देखाउने प्रतिबद्धता व्यक्त गरेका थियौ र सो प्रतिबद्धता अनुरुपनै हामीले बैंकद्वारा गत आ.व.मा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत गरेका कार्यहरुलाई समेटेर एउटा वृतचित्र (Documnentary) तयार गरेका छौं । यसरी बैंकद्वारा तयार गरिएको सो वृतचित्र यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा हामी उत्साहित छौं भनी सभालाई जानकारी गराई संस्थागत सामाजिक उत्तरदायित्व वृतचित्र सभामा प्रस्तुत गर्नका लागि अध्यक्षज्यूले कम्पनी सचिव समक्ष अनुरोध गर्नु भयो र प्राविधिक समुहको सहकार्यमा सो वृतचित्र सभामा प्रस्तुत गरियो ।

वृत्तचित्र प्रस्तुती पश्चात अध्यक्षज्यूले विषयसूची नं. १ मा समावेश गरिएको आ.ब. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन लगायत २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा मिति २०८२ श्रावण ०१ देखि २०८२ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरुमा छलफलका लागि सभामा पेश गर्नु भयो ।

## १०. छलफलको लागि आह्वानः

सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत भइसके पश्चात् अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए छलफलको विषयसूची अनुसार आफ्नो विचार एवं मन्तव्य राखिदिनुहुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन लगायत २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा मिति २०८१ श्रावण ०१ गते देखि २०८२ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरुमा छलफल गर्न आह्वान गर्नुभई सो सम्बन्धी कारवाही अघि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो । तद्अनुरुप कम्पनी सचिवले छलफलमा सहभागी हुन चाहने वक्ताहरुलाई मन्तव्यका लागि आमन्त्रण गर्नुभएको थियो । यस क्रममा निम्न लिखित ३१ (६ जनाको लिखित मन्तव्य समेत) जना शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो ।

## शेयरधनीहरुबाट व्यक्त गरिएका मन्तव्य तथा सुझावहरुको संक्षिप्त विवरण

### श्री जगन्नाथ आचार्य

- समिक्षा वर्षमा खुद सञ्चालन आम्दानी वृद्धि गरेकै कारणबाट मुनाफामा वृद्धि भई प्रति शेयर आम्दानी रु. २१.९३ बाट रु. २४.०५ रहन गएको, जुन बैंकको सुखद पक्ष रहेको ।
- गत वर्ष भन्दा शतप्रतिशत बढी ५०/५० प्रतिशत अनुपात मिलाएर १०.५३ प्रतिशत लाभांश दिनु भएकोमा धन्यवाद, भविष्यमा पनि यो भन्दा बढी लाभांश दिनुपर्ने गरी काम गर्नु पर्ने,
- वर्तमान परिस्थितीमा कर्जा लगानीमा भन्दा कर्जा असुलीमा जोड दिनु पर्ने । कर्जा प्रवाह गर्दा कमसल धितोमा गर्न नहुने र कर्जा नोक्सानी व्यवस्थालाई समेत घटाउँदै जानुपर्ने,
- देशमा राजनीतिक अस्थिरताको कारणबाट आपराधिक गतिविधिहरु बढ्दै गएकोले सचेत भएर कर्जा असुली कार्य गर्नु पर्ने,
- केही बैंकहरुमा अनलाइन ठगी भईरहेकोले विद्युतीय कारोबारमा सर्तकता अपनाउनु पर्ने,
- व्यवस्थापन र कर्मचारीहरु वीच सुमधुर सम्बन्ध हुनुपर्ने, कर्मचारीहरुलाई उचित तालिम प्रदान गर्नुपर्ने, राम्रो कर्मचारीलाई प्रोत्साहन गर्नुपर्ने, कर्मचारीहरुलाई समय समयमा स्थानान्तरण गरी आर्थिक अनियमितता हुनबाट बैंकलाई जोगाउनु पर्ने,
- उर्जा क्षेत्रमा लगानी गर्दा निर्माण तथा अन्य क्षेत्रहरुमा समेत सकारात्मक प्रभाव परी उत्पादनमा वृद्धि हुन गई देशको कुल ग्राहस्थ उत्पादनमा समेत योगदान पुग्ने हुँदा राष्ट्र बैंकको निर्देशन बमोजिम उर्जा क्षेत्रमा लगानी गर्दा उपयुक्त हुने,
- सम्भाव्यताको अध्ययन गरी नयाँ नयाँ आयोजनाहरुमा लगानी बढाउनु पर्ने,
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम श्रव्य दृश्य सामाग्री मार्फत देखाउनु भएको कार्य अत्यन्त प्रशंसनीय रहेको,
- ४ वर्ष सम्म सञ्चालको भत्तामा वृद्धि नभएकोले सञ्चालकको भत्ता वृद्धि गर्ने प्रस्तावमा मेरो सहमती छ ।
- विदेशी मुद्रामा तिव्र उतारचढाव हुने भएकोले विदेशी बैंकहरुबाट लिएको कर्जा चाडै भुक्तानी गर्दा बैंकलाई राम्रो हुने,
- नेपाल राष्ट्र बैंकको निर्देशनहरुलाई अक्षरस पालना गर्दै अघि बढ्नु पर्ने,
- बैंकको सबै आर्थिक सूचक सकारात्मक भई अर्को वर्ष बैंक नम्बर एक बन्न सफल होस ।
- बैंकको २५औं साधारण सभा भव्य तथा उत्सवमय होस् ।

### श्री सत्रुधन श्रेष्ठ

- विगत २३ वर्षको दौरानमा बैंकले ४ प्रतिशत देखि ३९ प्रतिशत सम्म लाभांश वितरण गर्न सक्षम भएकोमा धन्यवाद ।
- यस्तो विषम परिस्थिती, राजनीतिक अस्थिरता तथा आर्थिक मन्दीमा पनि बैंकले गत वर्ष भन्दा वढी लाभांश वितरण गर्नु भएकोमा धन्यवाद ।
- बैंकको चुक्ता पुँजी, नेटवर्थ, शाखा सञ्जाल राम्रो छ, यसलाई अझ बढाउँदै लानु पर्ने ।
- ग्राहकलाई नयाँ नयाँ प्रविधि उपलब्ध गराई डिजिटल प्रणलीमा लैजानु भएकोमा धन्यवाद ।
- डिजिटल भुक्तानी प्रणालीमा अग्रणी बैंकको भुमिका खेल्दै अगाडी बढ्नु पर्ने,
- बैंकले विभिन्न पुरस्कार तथा सम्मान प्राप्त गर्नु भएकोमा बधाई ।

- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम श्रव्य दृश्य सामाग्री मार्फत देखाउनु भएको अत्यन्त प्रशंसनीय रहेको । शिक्षा, स्वास्थ्य, वित्तीय साक्षरतामा अझ बढी खर्च गरेर अघि बढ्नु पर्ने ।

**श्री उत्तम दत्त पाण्डे**

- बैंकहरुमा अत्याधिक लगानीयोग्य रकम भएपनि कर्जा विस्तार अपेक्षाकृत भएको छैन, त्यसमा ध्यान दिनु पर्ने ।
- देशको अर्थतन्त्र शिथिल भएको कारण बैंकको निक्षेप र कर्जाको ब्याज निरन्तर ओरालो लागेको छ, यस्तो परिस्थितीमा सुझबुझका साथ अघि बढ्नु पर्ने ।
- बैंकको निष्कृय कर्जा बढ्दै गएकोले निष्कृय कर्जा घटाउन विशेष टास्क फोर्स बनाएर अघि बढ्नु पर्ने ।
- बैंकहरुको गैर बैंकिङ सम्पत्ति बढ्दै गएकोले यसलाई व्यवस्थापन गर्न राष्ट्र बैंकसँग परामर्श गरी गैर बैंकिङ्ग सम्पत्ति व्यवस्थापन संस्था खडा गर्न पहल गर्नु पर्ने,
- यस्तो विषम परिस्थितीमा पनि १०.५३ प्रतिशत लाभांश दिनु भएकोमा धन्यवाद ।
- बैंकले विभिन्न पुरस्कार तथा सम्मान प्राप्त गर्नु भएकोमा बधाई ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम श्रव्य दृश्य सामाग्री मार्फत देखाउनु भएको अत्यन्त प्रशंसनीय रहेको ।

**श्री सुदिप श्रेष्ठ**

- अको वर्ष बैंक रजत जयन्ती पुग्दै गर्दा बैंकले यस वर्ष दिएको १०.५३ प्रतिशत भन्दा बढी लाभांशको आशा गर्दछौं ।
- डिबेन्चर र अन्य कोषहरुमा रकम छुट्याएर पनि ५ प्रतिशत बोनश र ५.५३ प्रतिशत नगद लाभांश दिनु भई संस्थापक र सर्वसाधारण शेयरधनीलाई न्याय गर्नु भएको छ, भविष्यमा पनि यस्तै प्रतिफलको आशा गर्दछौं ।
- निष्कृय कर्जा बढेपनि २.६२ प्रतिशतमा राख्न सफल हुनु भएको छ, भविष्यमा निष्कृय कर्जा घटाउँदै जानु पर्ने । कर्जा असुलीमा विशेष ध्यान दिनु पर्ने, गैरबैंकिङ्ग सम्पत्तिको कुशल व्यवस्थापन गर्दै जानु पर्ने ।
- बैंकको विश्वासनीयतालाई कदर गर्दै International Finance Corporation ले ऋण प्रदान गरेको छ, यसैगरी बैंकले आफ्नो विश्वासनीयता बढाउँदै लैजानु पर्ने,
- विदेशी विनियमबाट हुने आम्दानी बढाउँदै लैजानु पर्ने ।

**भेषराज भण्डारी**

- बोनश र नगद लाभांशको मिलाएर १०.५३ प्रतिशत लाभांश प्रदान गर्नु भएकोमा धन्यवाद, आगामी वर्ष यो भन्दा नघटाई लाभांश वितरण गर्न अनुरोध गर्दछु ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम श्रव्य दृश्य सामाग्री मार्फत बिरलै मात्र बैंकहरुले देखाउने भएकोले यो उत्कृष्ट कार्य गर्नु भएकोमा धन्यवाद ।
- गत वर्ष भन्दा यस वर्षको प्रथम त्रयमासको प्रतिवेदन राम्रो सुधार भएको, आगमी त्रयमासमा राम्रो गर्दै जानु पर्ने ।
- सञ्चालकको भत्ता वृद्धिको प्रस्ताव समय सापेक्ष रहेको र यस अनुसार शेयरधनीहरुको प्रतिफलमा पनि वृद्धि गर्न गरी कार्य गर्नु पर्ने ।
- शाखा सञ्जाल राम्रो छ, हरेक जिल्लामा बैंकको उपस्थिति रहोस् र गुणस्तरीय शाखा विस्तारमा ध्यान दिएर अगाडी बढ्नु पर्ने ।

**श्री ब्यास कुमार शर्मा**

- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम श्रव्य दृश्य सामाग्री मार्फत अत्यन्त उत्तरदायी र प्रत्यक्ष ढंगले प्रस्तुत गर्नु भएको छ, उत्कृष्ट छ । अरु बैंकहरुले पनि यसलाई उदाहरणको रुपमा लिनु पर्ने । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्दा सुदुर पश्चिम तथा विकट पहाडी जिल्लाहरुलाई समेत ध्यान दिनु पर्ने ।
- देशको आर्थिक अवस्था कमजोर भएको स्थितिमा पनि बैंकको निष्क्रिय कर्जा तोकिएको ५ प्रतिशत भन्दा तल २.१७ प्रतिशतमा राख्न सक्षम भएकोमा विशेष धन्यवाद ।
- यस्तो विषम परिस्थितीमा पनि शेयरधनीहरुलाई लाभांश दिनु भएकोमा धन्यवाद,
- खराब कर्जाको समुचित व्यवस्थापन गर्न बैंकले असुली विभागलाई अत्यन्त सक्षम तुल्याई असुलीमा कडाइ गर्दै अगाडी बढ्नु पर्ने,
- बैंकको वार्षिक वित्तीय विवरणको प्रस्तुती एकदम राम्रो छ, अझै उत्कृष्ट बनाउन सुधार गर्दै जानु होला ।
- यस बैंकको शेयरमा लगानी गर्ने उत्कृष्ट समय रहेको,
- यस्तो विषम परिस्थितीमा पनि बैंकलाई राम्रो ढंगले अगाडी बढाउँदै लैजानु भएको छ, यही रणनीतिमा अगाडी बढ्नु होला ।
- डिपेजिट पोर्टफोलियो, लोन पोर्टफोलिया, लगानी पोर्टफोलियो र बैंकको विकास राम्रो छ ।
- वित्तिय सूचकहरु राम्रो छ, सही बाटोमा बैंक हिडेको छ, अझै सुधार गर्दै जानु होला ।
- पुँजी/जगेडा कोष चुक्ता पुँजी भन्दा बढी रहेकोले बैंक उत्कृष्ट छ, आगामी वर्ष राम्रो बोनश र नगद लाभांश सहित प्रतिफलको अपेक्षा गर्दछौं ।
- विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाहरुबाट पुरस्कार तथा सम्मान प्राप्त गर्नु भएकोमा बधाई ।
- सम्पत्तिको गुणस्तर नियन्त्रणमा सुधार गर्न ध्यान दिनु पर्ने, निष्कृय कर्जा घटाएर लैजानु पर्ने,
- डिजिटल प्रणालीमा सर्वसाधारणले महशुस गर्ने गरी कृत्रिम बुद्धिमता (Artificial Inteligence (AI) को प्रयोग गरी अझ राम्रो कार्यसम्पादनका साथ अघि बढ्नु पर्ने ।

**श्री लवराज जोशी**

- कर्मचारीहरुको कार्यदक्षता बढाउन बैंकले दिएको तालिमहरु एकदम राम्रो रहेको, भविष्यमा पनि यसैगरी कर्मचारीहरुलाई तालिम दिदै दक्षता वृद्धि गर्दै लैजानु पर्ने,
- बैंकको मुख्य शाखा मात्र नभई सम्पूर्ण शाखाहरु बलियो बनाउँदै लैजानु पर्ने ।
- निष्कृय सम्पत्तिहरु कुशलतापूर्व व्यवस्थापन गर्दै जानु पर्ने । कर्जा अपलेखन गरी कर्जा असुलीमा ध्यान दिनुभएकोमा राम्रो छ ।
- शेयरधनीहरुको सुझाव कार्यान्यवन गर्दै शेयरधनीहरुको सुझाव अनुसार बोनश र नगद लाभांश वितरण गर्नु भएकोमा धन्यवाद ।
- मर्जरमा जाँदा संस्था धरासायी हुने भएकोले सकभर मर्जरमा नगएकै राम्रो ।
- अवितरित लाभांश डिजिटल माध्यम प्रयोग गरी शेयरधनीहरुलाई यथाशक्य चाडो वितरण गर्नु पर्ने,
- यस बैंकमा अहिले लगानी गर्दा भविष्यमा १५ प्रतिशत भन्दा वढी लाभांश प्राप्त हुने देखिन्छ ।
- सञ्चालकहरुले चुस्त, दुरुस्त र विवेकपूर्ण ढंगले निर्णय लिई अघि बढ्नु पर्ने ।

**गोबिन्द बहादुर केसी**

- यस्तो विषम परिस्थितीमा पनि बोनश र नगद लाभांश गरी १०.५३ प्रतिशत लाभांश दिनु भएकोमा धन्यवाद ।
- अहिलेको परिस्थिती हेरेर बैंकहरु परिवर्तन हुनु जरुरी छ, त्यसै अनुरुप रणनीतिहरु बनाउँदै अघि बढ्नु पर्ने,
- ग्राहकहरुलाई केवल ग्राहकको रुपमा मात्र नहेरी सहकर्मी तथा व्यवसायीक सहयोगीको रुपमा हेर्नु पर्ने । यिनै ग्राहकहरुबाट प्राप्त आलोचनालाई सुझावको रुपमा लिई अघि बढ्नु पर्ने,
- बैंकहरुले आन्तरिक प्रक्रियामा सुधार गर्नु पर्ने,
- आगामी दिनहरुमा दोहोरो अंकमा प्रतिफल दिनु होस् भनी त्यसै अनुरुप कार्य गर्न हुन अनुरोध गर्दछु ।

**श्री भक्ति प्रसाद उप्रेती**

- अघिल्लो वर्ष ४.२१ प्रतिशत र यस आ.व.मा बोनश नगद लाभांश गरी १०.५३ प्रतिशत लाभांश प्रस्ताव गर्नु भएकोमा धन्यवाद ।
- बैंकको जगेडा/पुँजीकोष राम्रो छ, अझै राम्रो गर्दै जानु होला ।
- निक्षेप, कर्जा लगानी, खुद ब्याज आम्दानी, मुनाफा लगायतमा बढोत्तरी भएको छ, अझै राम्रो गर्दै जानु होला ।
- ब्याज आम्दानी प्राय सबै बैंकहरुको घटेको छ, यस बैंकको खुद ब्याज आम्दानी बढेको छ, यो राम्रो कुरा हो ।
- Off Balance Sheet आम्दानी, विदेशी बिनिमयबाट हुने आम्दानी जस्ता गैर ब्याज आम्दानी राम्रो छ, यसमा अझ सुधार गर्दै जानु होला ।
- कर्जा प्रवाह र कर्जा असुलीमा समस्या सबै बैंकहरुमा रहेकोले बैंकहरुको लाभांश दर घटेको छ, त्यसमा ध्यान दिएर अघि बढ्नु पर्ने,
- वार्षिक प्रतिवेदनमा प्रस्तुत गरिएका रेखाचित्र तथा चार्टहरु राम्रो छ, अझै राम्रो गर्नु होला ।
- निष्कृय कर्जा अरुको तुलनामा कम छ, यसलाई अर्को वर्ष अझै कम गरी बढ्न नदिनु होला । दक्ष कर्मचारीहरुको समुह बनाएर कर्जा असुली कार्यलाई तिव्रता दिनु होला ।
- अवितरित लाभांश शेयरधनीहरुलाई यथाशक्य चाडो वितरण गर्नु होला ।
- मर्जरले बैंकहरु ठूला हुने तर बलियो नहुने हुनाले सकभर मर्जमा नगएकै राम्रो हुने ।
- वर्षमा बढीमा ५ प्रतिशत बोनश र बढी भन्दा बढी नगद लाभांश दिनु हुन मेरो सुझाव छ ।
- बैंकमा Retention Plan र Succession Plan लागु गरेर दक्ष कर्मचारी राख्ने वातावरण बनाउनु पर्ने । कर्मचारीहरुलाई नियमित तालिमको व्यवस्था गर्नुपर्ने,
- सञ्चालकको भत्ता वृद्धिको प्रस्ताव मनासिव रहेकोले मेरो समर्थन छ ।

**श्री चन्द्र नारायण श्रेष्ठ**

- बैकले १ अर्ब ४८ करोड Retained Earning बाट बोनश र नगद लाभांश गरी १०.५३ प्रतिशत लाभांश दिनु भएकोमा धन्यवाद । डिबेन्चरहरु परिपक्क भएपछि बैंकले १५.४२ प्रतिशत सम्म र बैंकको विकास भई २५ प्रतिशत सम्म लाभांश प्राप्त हुने आश छ, त्यसै अनुसार कार्य गर्न अनुरोध छ ।
- सम्पत्तिको गुणस्तरमा ह्रास आई Impairment Charges बढेकोले यसको Write Back लाई उच्च प्राथमिकतामा राख्नु पर्ने ।

**श्री इन्द्र प्रसाद लामिछाने**

- बैंकले साधारण सभा गर्दा प्रथम त्रयमास भित्रै गर्दा राम्रो हुने,
- गत वर्ष भन्दा यस वर्ष लाभांश दोहोरो अंकमा बोनश र नगद लाभांश मिलाएर १०.५३ प्रतिशत लाभांश दिनु भएकोमा धन्यवाद ।
- EPS, Networth बढेको छ, राम्रो छ, तर पहिलो त्रयमासमा निष्कृय कर्जा बढेकाले, कर्जा असुलीमा विशेष ध्यान दिनु होला ।
- बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको खर्च प्रसंशनीय छ। बैंकले खेलकुद क्षेत्रमा गरेको योगदान राम्रो छ, यसले बैंकको प्रचारप्रसार हुनुका साथै ब्राण्ड भ्यालु बढाएको छ, भविष्यमा यसरी नै अघि बढ्नु होला ।
- कर्मचारीहरुलाई बेला बेलामा नेतृत्व विकास र दक्षता अभिवृद्धि गर्न प्रशिक्षण तथा तालिम दिनु पर्ने र ग्राहक सन्तुष्टिमा ध्यान दिन विशेष आग्रह गर्दछु ।
- बैंकको सबै शाखाहरुमा नियमित अनुगमन, निरिक्षण र सुधार गरेर अघि बढ्नु पर्ने ।
- सञ्चालकको भत्ता वृद्धिको प्रस्ताव समय सापेक्ष रहेकोले मेरो समर्थन छ ।

**श्री उद्धव प्रसाद घिमिरे**

- वासलातको आकार एकदम राम्रो र अझ राम्रो गर्दै जानुहोला ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम श्रव्य दृश्य सामाग्री मार्फत देखाउनु भएकोमा धन्यवाद, अन्य बैंकहरुले पनि अनुशरण गर्नु पर्ने । स्वास्थ्य, शिक्षा क्षेत्रमा गरेको योगदान प्रशंसनीय छ ।
- बैंकको लाभांश निर्णय राम्रो छ, आर्थिक सूचकहरु राम्रा छन् र समग्रमा वार्षिक प्रतिवेदन राम्रो छ, अझ राम्रो गर्दै जानु होला ।
- बैंकको निष्काशन प्रक्रियामा रहेको अविमोच्य असञ्चिति अग्राधिकार शेयरकहिले जारी हुने हो, त्यसको जानकारी दिनु होला ।
- सम्पत्तिको गुणस्तरमा ध्यान दिनु होला । बैंकको निष्कृय कर्जा बढ्न गएकोले यसलाई घटाउँदै लानु होला ।
- बैंकको सहायक कम्पनी सिद्धार्थ क्यापिटलको कार्यसम्पादन पनि राम्रो छ, अझै राम्रो गर्न निर्देशन दिनु होला ।
- विदेशी विनिमय कारोबारबाट हुने आम्दानी बढाउँदै लैजानु पर्ने ।

**श्री गुणराज भट्ट**

- यस प्रतिकुल अवस्थामा पनि दोहोरो अंकमा लाभांश दिनु भएकोमा धन्यवाद ।
- बैंकमा संस्थागत सुशासन कायम गर्न प्रमुख भुमिका खेल्नु हुने प्रमुख कार्यकारी अधिकारीलाई धन्यवाद, अझ राम्रो गर्दै जानु होला ।
- बैंकको निष्कृय कर्जा र निष्कृय सम्पत्ति बढेको छ, यसलाई १ प्रतिशत भन्दा तल राख्नु पर्ने,
- देशको राजनीतिक अस्थिरताका कारण कर्जा र कर्जाको ब्याज असुली तथा धितो लिलाममा समस्या भएको हुँदा नेपाल राष्ट्र बैक र सरकारसँग सम्बन्धित पक्षले समन्वय गरी धितो लिलाम र निष्कृय कर्जा घटाउन पहल गर्नु पर्ने ।

**श्री कमल राम भट्टराई**

- बैंकको वित्तीय अनुशासन, जोखिम व्यवस्थापन सुधार र डिजिटल रुपान्तरण तर्फको अग्रसरता सराहनीय छ ।
- ग्राहक सेवा सुधार, AI Based Automation, नयाँ उत्पादन सिद्धार्थ प्लाटिनम कार्डले बैंकको ब्राण्ड उचाई बढाएको छ ।
- निष्कृय कर्जामा सुधार, लागत नियन्त्रण र नाफामूलक वित्तीय सूचक अझ सुदृढ बनाइयोस् ।
- डिजिटल सेवा, मोबाइल बैंकिङ्ग स्वचालनलाई अझ एकीकृत रुपमा विस्तार गरियोस् । शाखामा ग्राहक उपस्थित नभई सेवा दिने प्रविधि लागु गरियोस् ।
- Artificial Inteligence, डिजिटल, नवप्रवर्तन तथा ग्राहककेन्द्रित सेवामा अझ बढी ध्यान दिनु पर्ने ।

**श्री बैजुनाथ रौनियार**

- यस विषम परिस्थितीमा ५ प्रतिशत बोनश र ५.५३ प्रतिशत नगद लाभांश दिनु भएकोमा धन्यवाद ।
- बैंकको डिजिटल फर्स्ट दृष्टिकोण, पाँच वर्षको वित्तिय झलकहरु एकदम राम्रो छ ।
- निष्कृय कर्जा बढ्दै गएकोले यसलाई घटाउनु पर्ने,
- नेपाल क्रिकेट संघलाई नेपाल प्रिमियर लिग सञ्चालन गर्न सहयोग गर्नु भएको राम्रो छ, यसले बैंकको ब्राण्ड भ्यालु बढाउन मद्दत गर्नेछ ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम श्रव्य दृश्य सामाग्री मार्फत प्रस्तुत गर्नु भएको राम्रो छ । बैंकले वीरगंज कारागार रहेका अभिभावकका बच्चा पढेको समता स्कुललाई सहयोग गर्नुहुन आग्रह गर्दछु ।
- जग्गा खरिद उपसमिति गठन गर्नु भएको रहेछ, यसको कामकारवाही के कस्ता छन्, जानकारी दिनुहोला ।
- ग्राहक संरक्षण, साइबर जालसाजीमा अत्यन्त सतर्कता अपनाएर अघि बढ्नु पर्ने,
- कर्जा असुलीमा ध्यान दिनु होला ।

**श्री सुभाष चन्द्र भट्टराई**

- सभामा प्रस्तुत हुँदा सम्पूर्ण वक्ताहरु सकारात्मक सोच राखेर प्रस्तुत हुनु पर्ने,
- सिद्धार्थ बैंकको शेयर खरिद गर्दा मुद्दती निक्षेपमा प्राप्त गर्ने भन्दा बढी प्रतिफल प्राप्त हुने,
- देशको अवस्था विषम भएपनि बैंकको कार्यसम्पादन राम्रो छ, अझै राम्रो गर्दै जानु होला । यसले सञ्चालक समिति र व्यवस्थापन समितिले राम्रोसँग बैंक सञ्चालन गर्नुभएको छ भन्ने देखिन्छ ।
- बैंकले आयकरको रुपमा आ.व. २०८१/८२ मा ३ अर्ब भन्दा बढी रकम राजश्व तिरेर देश विकासमा योगदान गर्नु भएकोमा धन्यवाद ।
- आगामी वर्ष २५ प्रतिशत सम्मको लाभांशको अपेक्षा गरेको छु, सोही अनुसार कार्य गर्न हुन अनुरोध गर्दछु ।

**श्री उत्सव सुन्दर श्रेष्ठ**

- नगद लाभांश नदिई बोनश शेयरको रुपमा मात्र दिएको भए अझ राम्रो हुने,
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैकले खर्च गर्दा कम्पनी ऐन र राष्ट्र बैंकको निर्देशनको ऐन नियम बाझिएको हुँदा नेपाल बैंकर्स संघसँग समन्वय गरी यसको समाधान गर्नु पर्ने । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैकले खर्च गर्दा दुर्गम, असक्त र अपांगता, विपन्न वर्ग सम्म पुग्ने गरी खर्च गर्नु पर्ने ।

- बैंकको स्वतन्त्र सञ्चालकले सम्बन्धित बैंकको शेयर धारण गर्न नहुने, यदि धारण गरेको छ भने विक्री गर्नु पर्ने ।
- बैंकले शेयरमा लगानी गर्दा उपयुक्त समयमा किन्ने र उपयुक्त समयमा बेच्ने रणनीति अपनाउनु पर्ने,
- बैंकले सकभर कर्जा मिनाह नगर्नु हुन आग्रह गर्दछु, गैर बैंकिङ्ग सम्पत्ति चाडो भन्दा चाडो Dispose गर्नुहोला । कर्जा अपलेखन गर्दा विशेष ध्यान दिनु होला ।

**श्री रोज कुमार श्रेष्ठ**

- बैंकको ICRA Rating राम्रो छ, यसलाई भविष्यमा पनि कायम गर्नुहोला ।
- निष्कृय कर्जा ५ प्रतिशत भन्दा कम कायम गर्नु भएको छ । यसलाई अझै कम गर्दै लैजानु होस ।
- आगामी वर्ष पनि १० प्रतिशत भन्दा बढी लाभांश दिने गरी कार्य गर्नु होला ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम श्रव्यदृश्य सामाग्री प्रस्तुत गर्नु भएकोमा धन्यवाद ।
- बैंकको आन्तरिक लेखापरिक्षण र बाह्य लेखापरिक्षणको वित्तीय विवरणको भिन्नता ०.८५ प्रतिशत मात्र छ, यसको मतलब बैंकको आन्तरिक लेखापरिक्षण प्रणाली राम्रो रहेको देखिन्छ, अझै राम्रो गर्दै जानुहोला ।

**श्री ध्रुवराज न्यौपाने**

- बैंकको लाभांश नीति राम्रो छ, बोनश र नगद लाभांश मिलाएर दिनु भएकोमा धन्यवाद ।
- बैंकको सम्पत्ति बढेको छ, अझै ५०० अर्बको वासलात बनाउन हुन आग्रह गर्दछु ।
- बैंकको Core Capital मा दबाब छ, बैंकले त्यस तर्फ ध्यान दिनु पर्ने,
- बैंकले डिबेन्चर जारी गर्दा लागत बढी भएको छ, यसमा ध्यान दिनु होला ।
- सञ्चालकको बैठक संख्या बढी भएको देखिन्छ, चाहिने एजेन्डामा मात्र बैठक बसी बर्षमा १५, १६ वटा भन्दा बढी बैठक नबस्नु होला ।
- NFRS9 कार्यान्वयन गर्दा राम्रो हुने, जसले बैंकहरुको कर्जा नोक्सानी व्यवस्थापन घटाउन मद्दत गर्ने छ, यसको लागि राष्ट्र बैंकसँग समन्वय गर्नु होला ।
- कर्जा अपलेखन गर्दा विवेकपूर्ण ढंगले गर्नुहोस्, कर्जा अपलेखन उपसमिति नराखी सञ्चालक समितिबाट गराउनु होस् ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैकले रकम खर्च गर्दा बाग्मती प्रदेशमा कम र अन्य विकट प्रदेशमा बढी खर्च गर्नुहोस् ।
- वार्षिक प्रतिवेदन उत्कृष्ट छ, राम्रो पाठ्यपुस्तक किसिमको छ, आगामी वर्षहरुमा पनि यसरीनै तयार गर्नुहोस् ।
- बैंकको शाखाहरु ग्राहकमैत्री छन्, अझ बढी ग्राहकमैत्री बनाउने कोसिस गर्नुहोस् ।
- International Finance Corporation (IFC) बाट लिएको कर्जाको विदेशी विनिमय जोखिम राम्रोसँग व्यवस्थापन गर्नु भएको छ, अझै राम्रो सँग व्यवस्थापन गर्नु होला ।

**श्री अंगराज भारती**

- बैंकले जलविद्युत क्षेत्रमा गरेको केही कर्जा प्रवाह गर्दा आवश्यक इजाजतपत्र नलिई कर्जा प्रदान गरेको,
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैकले रकम खर्च गर्दा कर्णाली र सुदुर पश्चिमलाई पनि समेटेर अघि बढ्नु पर्ने धारणा व्यक्त गर्नु भयो ।

**श्री मेजर कुबेर श्रेष्ठ**

- बैंकमा महिला स्वतन्त्र सञ्चालक नियुक्त गरेकोमा धन्यवाद,
- लाभांश राम्रो दिनु भएको छ । अको वर्ष १५ प्रतिशत भन्दा बढी लाभांश दिनु पर्ने,
- जलविद्युत कम्पनीमा गरेको लगानीमा सावाँ र ब्याज पुँजीकृत गर्नुभएको छ विषयमा जानकारी पाउँ । जलविद्युत कम्पनीमा लगानी गर्दा प्राकृतिक प्रकोपको जोखिम बढी हुने भएकोले त्यस तर्फ ध्यान दिनु पर्ने,
- यस बैंकले Bank of the Year प्राप्त गर्न सफल होस ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैकले रकम खर्च गर्दा राष्ट्र बैंकको निर्देशन अनुसार गर्नुपर्ने,
- बैंकमा सुरुवात देखिको शेयरधनीहरु पहिचान गरी सोही अनुसार सम्मान गर्नुपर्ने ।

**श्री उत्तम पाठक**

- साधारण सभामा सकारात्मक भएर आफ्ना भनाईहरु व्यक्त गर्नुपर्ने र सभाको गरिमामय कायम गर्नुपर्ने,
- लाभांश मिलाएर दिनु भएकोमा धन्यवाद । विगत पाँच वर्षमा निरन्तर वृद्धि गर्नु भएको छ, व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु ।
- निष्कृय कर्जा र निष्कृय सम्पत्ति अरु बैंकको तुलनामा कमै छ, अझै कम गदै लैजानु होला । कर्जा असुलीमा कडाइ गर्दै तिव्र रुपमा लाग्नु पर्ने,
- संस्थागत सुशासन राम्रो छ, अझै राम्रो गर्दै जानु होला ।
- डिबेन्चर भुक्तानी कोषबाट डिबेन्चर लगानी रकम फिर्ता भए पश्चात् बैंकको लागत कम हुन गई प्रतिफल बढ्ने छ, शेयरधनीहरुलाई राम्रो प्रतिफल दिनु हुन्छ भन्ने आशा छ ।

**श्री ऋषिराम गौतम**

- देशको अर्थतन्त्र चलायमान बनाउन बोनश शेयर भन्दा नगद लाभांशमा जोड दिनु पर्ने । २० प्रतिशत नगद लाभांश बाड्ने क्षमता नहुन्जेल लाभांश नबाडेको राम्रो । नगद लाभांशमात्र दिंदा बैंकको शेयरको मूल्य बढी हुने र शेयरधनीहरुलाई फाइदा हुने,
- शेयर संख्या बढाउने बैंकले शयर विभाजन गरेर जान सकिने,
- बैंकिङ्ग क्षेत्रका लगानीयोग्य रकम अत्यन्तै धेरै रहेकोले नेपाल राष्ट्र बैंकसँग समन्वय गरी ठुला परियोजनाहरु बनाउन पहल गर्नु पर्ने,
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैकले रकम खर्च गर्दा वित्तीय साक्षरता, सचेतना जगाउने कार्यक्रममा खर्च गर्दा राम्रो हुने ।

**श्री निरुपमा गुप्ता**

- वासलात, जगेडा कोष, सञ्चालन मुनाफा, खुद मुनाफा, प्रतिशेयर आम्दानी राम्रो छ ।
- डिजिटल भुक्तानीमा Easybank प्रणाली राम्रो, अझै राम्रो Digital Platform ल्याउदै जानु होला ।
- खर्च समय सापेक्ष बढ्नु स्वभाविक हो । खर्च व्यवस्थापनमा अलि मितव्ययिता अपनाएर अघि बढ्नु पर्ने ।
- निष्कृय कर्जा त्रैमासिक रुपमा घटाउँदै लानु भएको छ, तर समग्रमा बढेको छ । यसलाई विशेष जोड दिएर कार्यसम्पादन गर्न हुन आग्रह गर्दछु ।
- नगद लाभांशमा भन्दा बोनश शेयरमा जोड दिनु होला । अको वर्ष १५ प्रतिशत लाभांश दिनु होला ।
- सञ्चालकहरुको भत्ता वृद्धिमा मेरो समर्थन छ ।

- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैकले रकम खर्च गर्दा आर्थिक अभावको कारणबाट शिक्षा लिन वञ्चित विपन्न वर्ग, निर्धन वर्गमा खर्च गनुहोस् भनी सुझाव दिन चाहन्छु ।

**श्री चित्र कार्की**

- भगवान गौतमबुद्धको नामबाट नामाकरण भएको यस बैंक धेरै सरोकारवालाहरुको प्रेरणा स्रोत बनेको छ । बैंकको लोगोले पनि बैंक सम्मुन्नती तर्फ अघि बढिरहेको देखिन्छ ।
- साधारणसभामा हामी शेयरधनी प्रस्तुत हँदा सभाको गरिमालाई कायम राखि बैंकको विकास तथा उन्नतीको लागि आफ्ना भनाईहरु राख्नुपर्दछ, म यस सभाको मर्यादा राख्नु हुन सबै शेयरधनी महानुभावहरुलाई आग्रह गर्दछु ।
- हामी निष्कृय रुपमा यस बैंकमा लगानी गर्ने लगानीकर्तालाई वार्षिक रुपमा राम्रो प्रतिफल दिदै आएको कुरा बिर्सनु हुदैन ।
- बैंकले ग्राहक तथा शेयरधनीहरुलाई अझ बढी वित्तिय रुपमा सक्षम बनाउन वित्तीय साक्षरता तथा वित्तीय अनुशासन सम्बन्धी कार्यक्रहरु सञ्चालन गर्न सहयोग गर्नुपर्ने ।
- बैंकहरुले कर्जाको बिमा गराउन बिमा कम्पनीहरुसँग छलफल गर्दा कर्जा जोखिम कम हुने हुनाले त्यस तर्फ ध्यान दिनुपर्ने ।

**श्री डमरु बल्लभ घिमिरे (लिखित मन्तव्य)**

- सर्वप्रथम ४ महिना भित्रै साधारणसभा गर्नु भएको छ यसले बैक संस्थागत सुशासनमा अब्बल रहेको भन्ने कुरा प्रमाणित गर्दछ । यसको लागि सञ्चालक समिति र कार्यकारी प्रमुखज्यू र उहाँको समूहलाई धन्यवाद ।
- गत वर्ष भन्दा बढी ५ प्रतिशत बोनश शेयर र ५.५३ प्रतिशत नगद लाभांश अनुपात मिलाएर १०.५३ प्रतिशत लाभांश दिनु भएकोमा धन्यवाद ।
- बैंकको कर्जा असुलीमा तिव्रता ल्याउन अझै सशक्तढंगले अघि बढ्नु पर्ने ।

**श्री ब्रम्हदेव शाक्य (लिखित मन्तव्य)**

- सर्वप्रथम बैंकले ४ महिना भित्रै साधारणसभा गरेको छ, यसले बैंकको संस्थागत सुशासन चुस्त र दुरुस्त छ भन्ने देखाउँदछ । यस्तो कार्यले निरन्तरता पाओस् भन्न चाहन्छु ।
- बैंकले ५ प्रतिशत बोनश शेयर र ५.५३ प्रतिशत नगद लाभांश गरी १०.५३ प्रतिशत लाभांश दिने प्रस्ताव गरेकोमा मेरो पूर्ण समर्थन छ, यस्तै प्रतिफलले आगामी दिनहरुमा निरन्तरता पाओस् भन्न चाहन्छु ।
- आ.व. २०७७/७८ देखि आ.व. २०८१/८१ सम्ममा सम्पत्तिको प्रतिफल निरन्तर घट्दो क्रममा रहेकोले यसमा सुधार गर्दै जानु पर्ने देखिन्छ ।
- सञ्चालकको भत्ता तथा सुविधा बढाउने प्रस्तावमा मेरो विमती नरहेको तर आगामी दिनहरुमा शेयरधनीहरुको प्रतिफल पनि बढ्ने छ भन्ने आशा र विश्वास राख्दछु ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैकले गरेको खर्चहरुको अनुमोदन गर्न समर्थन गर्दै भाद्र २४ गते को जेन्जी आन्दोलनले ध्वस्त भएका संरचनाहरुको पुनर्निर्माणको लागि सरकारद्वारा स्थापित राष्ट्रिय पुनर्निर्माण कोषमा केही रकम योगदान गर्नका लागि सुझाव दिन चाहन्छु ।

**श्री कृष्ण प्रसाद अधिकारी (लिखित मन्तव्य)**

- यस बैंकले ४ महिनामा नै वार्षिकसभा गरी १०% भन्दा बढी प्रतिफल वितरण गर्नु भएकोमा हार्दिक धन्यवाद ।
- वार्षिक विवरण प्रस्तुत गर्नु भएको मुख्य लगानीकर्ताको सूचीमा संस्थापक र सर्वसाधारण समुह छुट्याई प्रस्तुत गर्नु भएको भए अझ राम्रो देखिने थियो
- नेपाली भाषामा वार्षिक प्रतिवेदन पेश गर्नु भएकोमा धन्यवाद । प्रतिवेदनमा नक्सा दिएर शाखा कार्यालयहरु देखाउनु भएकोले हेर्न सजिलो भएको छ । भविष्यमा अझ यस्तै राम्रा काम गर्दै जानु होला ।

**श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित मन्तव्य)**

- बैंकले गत आर्थिक वर्षको मुनाफाबाट सेयरधनीलाई १०.५३ प्रतिशत प्रतिफल दिन सफल भएकोमा धन्यवाद । आगामी आर्थिक वर्षमा पनि लाभांश बढ्नेमा म आशावादी छु ।
- वार्षिक साधारणसभा समयमै गर्नु भएकोमा सञ्चालक र व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । आगामी वार्षिक साधारणसभा पनि यसैगरी प्रथम त्रैमासिक भित्र गर्न आग्रह गर्दछु ।
- ऋण असुलीमा जोड दिनु पर्ने देखिन्छ । बैंकले भोलीका दिनहरुमा ऋण प्रवाह र असुलीमा विशेष ध्यान दिन अनुरोध गर्दछु ।
- सञ्चालकहरुको खर्च बढी देखिएकोले खर्च गर्दा मितव्ययीता अपनाउन सञ्चालकहरुलाई आग्रह गर्दछु ।

**श्री सुरेन्द्र चिमौरिया (लिखित मन्तव्य)**

- बैंकले आफ्ना ग्राहकहरु सँग दिर्घकालीन एवं विश्वासपूर्ण सम्बन्ध कायम राखी अघि बढिरहेको छ, भविष्यमा पनि यस्तै सम्बन्ध कायम गर्दै अघि बढ्नु हुनेछ भनी आशा गर्दछु ।
- १०.५३ प्रतिशत लाभांश शेयरधनीहरुलाई दिन सफल हुन भएकोमा धन्यवाद, आगामी दिनहरुमा पनि यस्तै प्रतिफलको दिनुहुनेछ भनी आशा गर्दछु ।
- साधारण सभामा पेश भएको सामान्य तथा विशेष दुवै प्रस्तावहरुमा मेरो पूर्ण समर्थन रहेको छ ।

**श्री दिवाकर खड्का (लिखित मन्तव्य)**

- समग्र बैंकिङ्गमा कर्जाको मागमा कमी आएको कारणले ब्याज आम्दानीमा संकुचन आएको छ, त्यसतर्फ बैंकले ध्यान दिनु पर्ने,
- बोनश शेयर तथा नगद लाभांश गरी कुल १०% प्रतिफल सन्तोषजनक नै मान्नु पर्दछ, आगामी वर्ष अझ आकर्षक प्रतिफल दिनु पर्ने,
- बैंकले क्रिकेट खेल अन्तर्गत नेपाल प्रिमियर लिग प्रायोजन गरेको छ, यसले बैंकको प्रचार भएको छ । अन्य संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्दा बैंकले व्यवसाय प्रवर्धन हुने गरी गर्न सुझाव दिन्छु ।

## ११. छलफलका क्रममा उठेका विषयहरुको जवाफ:

- सञ्चालक समितिको प्रतिवेदन, बैंकको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन लगायत समग्र वित्तीय प्रतिवेदन उपर छलफलका क्रममा शेयरधनी महानुभावहरुले राखेको सुझाव, जिज्ञासा तथा टिप्पणी प्रति हार्दिक आभार व्यक्त गर्दै एवं धन्यवाद दिदैं वार्षिक साधारण सभाको समेत अध्यक्षता गरिरहनु भएका बैंकको सञ्चालक समितिका अध्यक्ष एवं बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुले बैंकको वार्षिक प्रतिवेदन, वित्तीय अवस्था, नाफा नोक्सानको अवस्था, बैंकको क्रियाकलाप, बैकले गरेका राम्रा कार्य, बैंकले सुधार गर्नु पर्ने क्षेत्रहरु, अर्थतन्त्रमा देखिएको चुनौती

र त्यसले बैंकको कार्य सम्पादनमा पार्न सक्ने असर लगायतका विषयमा राख्नु भएका प्रमुख जिज्ञासा, सल्लाह सुझाव एवं टिप्पणी उपर देहाय अनुसार जवाफ दिनु भयो ।

- बैंकको साधारण सभामा गरिमामय उपस्थिति जनाई विभिन्न शेयरधनी महानुभावले बैंकको प्रगति, उन्नतिको लागि वार्षिक प्रतिवेदनमा रहेका तथ्यहरु, देश र बैकिङ क्षेत्रको हालको वस्तुस्थिति समेतका सबै कुरालाई ध्यानमा राखेर गहन सुझावहरू दिनुभएको छ । सुझाव मार्फत हामीले गरेका राम्रा पक्षहरुको बारेमा र हामीले गर्नुपर्ने सुधारको पक्षका बारेमा हामीलाई ध्यानाकर्षण गराइदिनु भएकोमा यहाँहरू सबैलाई कृतज्ञता व्यक्त गर्न चाहन्छौं । कतिपय भाषागत गल्तीहरु पहिल्याई दिनुभएको छ, यसलाई आउँदा दिनहरुमा सुधार गर्दै जाने छौं ।
- आदरणीय शेयरधनी महानुभावहरुले विगतमा दिनु भएका अमूल्य सल्लाह तथा सुझावहरु अधिकांश कार्यान्वयन गरिसकिएको र केही कार्यान्वयनका विभिन्न चरणमा रहेको कुरा बैंकको वार्षिक प्रतिवेदनमा समेत प्रस्तुत गरिएको अवगत गराउन चाहन्छौं । यहाँहरुले यस साधारण सभामा दिनुभएका सुझावहरू सदाझैं हाम्रा लागि अमूल्य निधि एवं मार्गदर्शन हुन् र आगामी दिनहरुमा यहाँहरुले दिनुभएका सल्लाह, सुझावहरुलाई अझ सुक्ष्म अध्ययन गरी सम्भाव्यताका आधारमा कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौं ।
- नेपालको अर्थतन्त्रमा देखिएको अहिलेको शिथिलता, विदेशी मुद्राको स्थिती, प्रशस्त लगानीयोग्य रकम, एकल अंकमा तथा घट्दो अवस्थामा रहेको ब्याजदर हुँदा पनि किन अर्थतन्त्र चलायमान भएन, किन कर्जा लगानी बढेन, किन उपभोग्य दर घटिरहेको छ, यि सारा कुराहरुमा यहाँहरुले अध्ययन गरिरहनु भएको छ, यहाँहरु यस बैंकको मात्र नभई देशको स्थितीको बारेमा पनि चिन्तित हुनुहुन्छ भन्ने बुझिन्छ । यो एकदम मननयोग्य कुरा हो ।
- आजको दिनमा एकातिर कर्जा विस्तार भईरहेको छैन भने अर्कोतर्फ कर्जा खराब हुने दर बढीरहेको छ । बैंकहरुमा कर्जा असुली समस्याको रुपमा रहेको छ । बैंकहरुमा गैरबैंकिङ सम्पत्ति तिव्ररुपमा बढीरहेको छ । यस अवस्थामा बैंकको कर्जा असुलीमा सहज हुनु पर्‍यो, गैरबैंकिङ सम्पत्तिको व्यवस्थापन हुनु पर्‍यो, कर्जा विस्तार हुनु पर्‍यो, सम्पत्तिको गुणस्तरमा ध्यान दिनु पर्‍यो भनेर यहाँहरुले सुझाइरहनु भएको छ । निश्चित रुपमा त्यसमा दुईमत छैन । विभिन्न बैंकहरुको प्रतिशेयर आम्दानी, निष्कृय सम्पत्ति, सम्पत्तिमा प्रतिफल, व्यवसायको स्थिती लगायतका विषयमा पनि तुलनात्मक अध्ययन गरिरहनु भएको छ र यहाँहरु वित्तीय बजार प्रति धेरै जानकारनै हुनुहुन्छ ।
- दिगो विकासका लागि डिजिटल प्रथम बैंक बन्ने बैंकको दृष्टिकोण रहेको छ । बैंक दिगो विकास कायम गर्दै अघि बढीरहेको छ र बैंकले डिजिटल प्रथमलाई केन्द्रबिन्दुमा राखेर काम गरिरहेको जानकारी पनि गराउन चाहान्छु । बैंक डिजिटल प्रक्रियामा Artificial Inteligence लाई प्रयोग गर्दै अघि बढीरहेको छ । बैंकले Digital Strategy २०२०-२०२५ को सफल कार्यान्वयन गरी नयाँ संस्करणको Digital Strategy ल्याउने तयारीमा रहेको छ । बैंकले भुक्तानी प्रक्रिया Gateway हरुमा सुधार गर्दै अघि बढीरहेको छ र केही अन्य महत्वपुर्ण अवयवहरुमा सुधार गर्दै अघि बढीरहेको छ ।
- देशमा आजसम्म पनि डाटा एकिकृत केन्द्र लगायतका प्रयाप्त पूर्वाधारहरु नभएको कारण बैंकहरुले चाहेर पनि पुर्णरुपमा डिजिटल हुन सकेका छैनन । यही कारणले बैंकहरु डाटा स्कोरिङ मोडेल, E-KYC Model मा पनि पूर्ण रुपमा जान सकेका छैनन् । सरकारले डिजिटल रुपमा राष्ट्रिय परिचय पत्रको शुरुवात भर्खर मात्र गरेको छ । डिजिटल पूर्वाधारहरु तयार भए पश्चात् यस बैंक पूर्णरुपमा डिजिटलमा जान तयारी गरिरहेको छ । यसै सन्दर्भमा बैंकले छुट्टै डिजिटल बैकिङ्ग नामक व्यवसायिक भर्टिकल पनि सिर्जना गरी अघि बढीरहेको छ । बैंकले सम्भव भएसम्मका नयाँ नयाँ डिजिटल प्रडक्टहरु ल्याईरहेको छ । आगामी दिनमा यस बैंक डिजिटल क्षेत्रमा बलियो उपस्थिती जनाएर अघि बढ्ने कुरामा विश्वस्त गराउन चाहन्छु ।
- बैंकले क्यूआर कोडमा आधारित साना तथा मझौला व्यवसायीहरु तथा अन्य खुद्रा व्यवसायीहरुको वित्तीय आवश्यकतालाई मध्येनजर गरेर क्यूआर कर्जाको सुविधाहरु प्रदान गर्दै आईरहेको छ ।

- बैंकले शेयरधनीहरुको विभिन्न कारणबाट वितरण हुन नसकेको अवितरित लाभांशलाई छिटो भन्दा छिटो वितरण गर्न बैंकको शेयर रजिस्ट्रारसँग समन्वय गरी भौतिक रुपमा रहेको शेयरहरुको अभौतिकीकरण गर्ने कार्य गर्न, सम्पर्क नम्बर, इमेलहरु अध्यावधिक गर्ने कार्य गर्न, शेयरधनीहरुको केवाइसी अध्यावधिक गर्ने कार्य गरिरहेको छ । बैंकले सम्भवभएसम्म त्यस्ता शेयरधनीहरुलाई व्यक्तिगत रुपमा सम्पर्क गरी र राष्ट्रिय दैनिक पत्रिका सूचना दिई जानकारी समेत गराईरहेको जानकारी गराउँदछौं ।
- ग्राहकमैत्री सञ्चालन प्रक्रिया ध्यान दिनु पर्ने भन्ने सुझावलाई अंगीकार गर्दै बैंकले छुट्टै ग्राहक सेवा केन्द्र खडा गरी Contact Center लाई २४x७ मोडेलमा रूपान्तरण गर्दै ग्राहकको लागि अविच्छिन्न सहयोग र सेवा सुनिश्चित गर्दै वास्तविक समयमानै ग्राहक सन्तुष्टि मापन गर्न सम्पुर्ण शाखाहरुमा क्यूआर आधारित Feedback System को कार्यान्वयन गरेको छ ।
- पुँजीकोषमा परेको दबाबलाई कम गर्न बैंकले अविमोच्य असञ्चिति अग्राधिकार शेयर निष्काशन गर्ने सन्दर्भमा नियामक निकाय समक्ष पेश गरेको छ । सो निष्काशन पश्चात् बैंकको प्राथमिक पुँजी तथा पुँजीकोष मा परेको दबाब केही हदसम्म कम हुने विश्वास लिएका छौं ।
- बैंकको दिगो विकास र हामी हाम्रो आफ्नै भवनमा बैक सञ्चालन गर्न तथा बैंकको उपस्थिती देशको प्रमुख शहरहरुमा होस् भन्ने हेतुले बैंकमा जग्गा खरिद उपसमितिको गठन गरेका छौं र हाल विरगंजमा जग्गा खरिदको प्रस्ताव छलफलमा रहेको छ ।
- बैंकले आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाइ साधारण सभाबाट अनुमोदन गर्नु पर्ने भन्ने कम्पनी ऐन र नेपाल राष्ट्र बैंकको कानुन बाझिएको भन्ने कुरामा हामी अवगत छौं र हामीले नेपाल बैंकर्स् संघ मार्फत विभिन्न फोरमहरुमा यो कुरा पुऱ्याएको तर आशातित नतिजा आइनसकेको स्थिती हो ।
- बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा १४(३) मा शून्य दशमलव एक प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवार स्वतन्त्र सञ्चालक हुन पाउने छैन भन्ने व्यवस्था रहेको र यस बैंकको स्वतन्त्र सञ्चालक तथा निजको परिवारले ०.०१८९ प्रतिशत मात्र शेयरधारण गर्नुभएको जानकारी गराउन चाहन्छु ।
- बैंकले सञ्चालक पद प्राप्त गर्न नभई शेयर बिक्रीबाट आम्दानी गर्ने हेतुले विभिन्न कम्पनीहरुको शेयरमा लगानी गरेको हो । लगानी गर्ने र बिक्री गर्ने उपयुक्त निर्णय गर्न बैंकको ALCO Committee मा गहन छलफल र अध्ययन गरी नियामक निकायहरुको कानुनको अधिनमा रहेर गर्ने गरिन्छ ।
- डिबेन्चर जारी गर्दा लागत केही बढी भयो भन्ने सन्दभमा, बैंकले आ.व. २०८१/८२ मा रु. २.५ अर्व बराबरको डिबेन्चर निष्काशन गर्दा नियामक निकायहरुलाई जम्मा रु. ४३ लाख ९७ हजार निष्काशन वापतको अनिवार्य शुल्क भुक्तानीको कारणले लागत ठूलो हुन गएको हो । निष्काशन व्यवस्थापक कम्पनीलाई निष्काशन शुल्क वापत रु. ४ लाख २० हजार मात्र भुक्तानी भएको हो ।
- Off Balance Sheet Item बाट प्राप्त आम्दानी धैरै भयो र जोखिम हुन्छ भन्ने सन्दर्भमा यस अन्तर्गत मुख्यतया प्रतितपत्र र जमानतपत्र र सोबाट हुने आम्दानी पर्दछ र सो आम्दानी बैंकको एउटा मुख्य आम्दानी भित्र नै पर्दछ । ठूला व्यवसायीको व्यवसायिक आश्यकता अनुरुप प्रतितपत्र र जमानतपत्र सेवा प्रदान गरिएको हो । हाम्रो जस्तो आयातमूलक देशमा त झन यो सेवा अपरिहार्य नै रहेको देखिन्छ ।
- बागमती प्रदेशमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको खर्च बढी भएकोनै हो । हामीले नियामक निकायको निर्देशनको अधिनमा रही संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गरेका छौं । यस वर्ष भुकम्पले पूर्णरुपमा क्षती भएको स्कुल निर्माण गर्न पश्चिम रुकुममा रु. ८२ लाख बराबरको आर्थिक सहयोग गरेका छौं ।

आगामी दिनहरु सुदुरपश्चिमका विकट ठाउँहरुमा पनि केन्द्रित रहेर खर्च गर्ने नै छौं, यसमा हामी सचेत र प्रयत्नरत छौं । वित्तीय साक्षरता बढाउने कार्य गर्दै आईरहेका छौं ।

- नेपालमा कर्जा बिमा सम्भाव्यताहरुको पनि अध्ययन गरी कार्य गर्न हुन आग्रह गर्नु भएको सन्दर्भमा हामीले यस बारेमा पहिले पनि सोचविचार गरेका हौं तर नेपालमा कर्जा बिमा गर्ने कम्पनीहरु पूर्णरुपले व्यवस्थित नभएको कारण यस्तो कार्य गर्न अहिलेलाई सम्भव नभएको देखिन्छ ।
- बैंकले जलविद्युत लगानीमा सही ढंगले कर्जा लगानी नभएको होकी भन्ने सन्दर्भमा, हामीले जलविद्युतमा गर्ने लगानी भनेको नेपाल राष्ट्र बैंकले दिएको निर्देशन भित्र गर्ने हो । सर्भे इजाजतपत्र, विद्युत खरिद सम्झौता, वातावरणीय प्रभाव मूल्यांकन तथा स्वीकृती, विद्युत उत्पादन इजाजतपत्र लगायतका मापदण्डभित्र रहेर लगानी गरिरहेका छौं । बैंक एक पारदर्शी संस्था हो । हामी देशको कुल ग्राहस्थ उत्पादनमा योगदान हुने जलविद्युत क्षेत्रमा विभिन्न जोखिमहरु मोलेर पनि राष्ट्र बैंकले दिएको निर्देशन भित्र रहेर लगानी गरिरहेका छौं ।
- बैंकको संचालन तथा व्यवस्थापनमा संस्थागत सुशासनका उच्चतम अभ्यास तथा प्रक्रियाहरुलाई बैंकले अत्यन्त महत्वका साथ पालना गर्दै आइरहेको छ । संस्थागत सुशासनका अभ्यासहरु र नैतिक व्यावसायिक आचरण बैंकको मूल्य मान्यताको केन्द्रबिन्दुमा रहेका छन् । बैंकले संस्थागत सुशासनका अभिन्न अङ्ग निष्ठा, जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता, निष्पक्षतालाई व्यावसायिक क्रियाकलापमा सदैव आत्मसात गर्दै आएको छ । साथै, नियामक निकायहरुको मार्ग निर्देशनको पालना गर्दै नियामकको सुक्ष्म निगरानीमा रहँदै संस्थागत सुशासनका उच्चतम अभ्यासहरु कार्यन्यवन गर्दै आएको छ ।
- कर्मचारी साथीहरुको दक्षता अभिवृद्धि गरी उत्पादकत्व वृद्धिगर्ने तर्फ निश्चित रूपले लागिरहेका छौं र यहाँले दिनुभएको सुझावलाई मध्यनजर गर्दै हाम्रा कर्मचारीहरुको दक्षता अभिवृद्धिमा अझ जोड दिने नै छौं ।
- आगामी दिनहरुमा पनि कर्जा नोक्सानी व्यवस्था लाई घटाउन यथेस्ट काम गर्दै वितरण योग्य नाफा बढाउनको लागि बैंकले कर्जा असुली प्रक्रियाहरुलाई चुस्त बनाउन उपयुक्त योजना र रणनीती बनाएर अघि बढ्ने छ । निश्चित रुपले बैंकको निस्कृय कर्जा बढ्दै गएको अवस्था छ । आगामी दिनहरुमा निष्कृय कर्जा असुलीलाई बैंकले उच्च प्राथमिकतामा राखेको छ । बैंकले अपलेखित कर्जा असुली प्रक्रियालाई निरन्तर चालु राख्नेछ ।
- ऋणीका गुनासाहरुको आत्मासात एवं सम्बोधन गर्दै तथा निक्षेपकर्ताको हक हित सुरक्षण गर्दै, ग्राहकमुखी बैकिङ्ग सेवा सुविधा प्रदान गर्दै सबैसँग हातेमालो गर्दै हामी मिलेर अगाडि बढ्ने छौं । यहाँहरुको चाहाना र अपेक्षा अनुरुप सबल, सफल, ग्राहकमैत्री र उचित लाभांश दिन सक्ने बैंक बन्नको लागि हामी सम्पूर्ण सिद्धार्थ बैंक परिवार कटिबद्ध रहेको आश्वासन दिलाउन चाहान्छौं ।
- शेयरधनी, नियामक निकायले दिनु भएका मार्गदर्शन, सल्लाह, सुझावको कारण बैंक यहाँ सम्म आइपुगेको छ । साधारण सभामा उपस्थित भई बैंकको सुधार एवं सुदृढीकरणका लागि दिनु भएका सुझावहरुको बैंकले हार्दिकताका साथ मनन गरेको छ र यथासम्भव कार्यान्वयन पनि गर्दै आइरहेको छ । यस बैंक सुदृढ, सबल र सक्षम बैंकको रुपमा स्थापित हुन यहाँहरुले दिनु भएको सल्लाह, सुझावको लागि फेरी पनि धन्यवाद ।

### १२. <u>सभाको निर्णयहरुः</u>

छलफलमा उठेका सवालहरु उपर सभाको अध्यक्षता गरिरहनु भएका बैंक सञ्चालक समितिका अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूको जवाफ पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले निर्धारित सामान्य तथा विशेष प्रस्तावहरु सभाको निर्णयार्थ क्रमशः पेश गर्नु भयो । उक्त प्रस्तावहरु देहाय अनुसार पारित भएका छन् ।

(क) **सामान्य प्रस्ताव**

१. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा यस सिद्धार्थ बैंक लि. को आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको चौबिसौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गऱ्यो ।

२. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा बैंकको आ.व. २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गरियोस् भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लिमिटेड." को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) स्वीकृत गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गऱ्यो ।

४. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १११, १६५ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६१ र ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिले लेखापरीक्षण सेवाका लागि बैंकमा प्राप्त भएका प्रस्तावहरुको बैंकको लेखापरीक्षण नीति २०२४ बमोजिम लेखापरीक्षण फर्मले आफ्नो कार्यक्षेत्रमा हासिल गरेको ख्याति, अनुभव र लेखापरीक्षण फर्ममा कार्यरत साझेदार FCA/CA हरु लगायत अन्य कर्मचारीहरुको संख्या; लेखापरीक्षण गर्ने समुहको क्षमता, योग्यता, अनुभव र यथेष्ट संख्या; लेखापरीक्षण दृष्टिकोण र कार्यविधि र लेखापरीक्षणमा IT Tools को प्रयोग; व्यवस्थापनलाइ दिने पत्र (Management Letter) को गुणस्तर, लेखापरीक्षण प्रमाणको गुणस्तर, लेखापरीक्षण सम्पन्न गर्न लाग्ने समयावधी, अन्तर्राष्ट्रिय लेखापरिक्षण फर्महरुसँग सम्बन्धन प्राप्ती र लेखापरीक्षण शुल्क लगायतका विविध पक्षहरुको विस्तृत अध्ययन छलफल पश्चात् प्रस्तावहरुको प्राविधिक र वित्तीय मूल्यांकनको आधारमा उच्चतम अंक प्राप्त गर्ने तीन वटा लेखापरीक्षण फर्महरु उच्चतम अंक प्राप्तीको क्रमानुसार क्रमशः B.K. Agrawal & Co., N. Amatya & Co. and PKF T.R. Upadhya & Co. मध्येबाट आ.व २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्नका लागि सञ्चालक समितिमा सिफारिस गरेको थियो । लेखापरिक्षण समितिले सर्वाधिक अंक प्राप्त गर्ने B.K. Agrawal & Co. लाई पहिलो प्राथमिकतामा राखि बैंकको संचालक समितिलाई सिफारिस गरेको थियो । सञ्चालक समितिले लेखापरीक्षण समितिको सिफारिसलाई नै अनुमोदन गर्दै उच्चतम अंक प्राप्तीको क्रमानुसार क्रमशः B.K. Agrawal & Co., N. Amatya & Co. and PKF T.R. Upadhya & Co. मध्येबाट आ.व २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्तीको प्रस्ताव साधारण सभा समक्ष पेश गरेको थियो । संचालक समितिले पनि सर्वाधिक अंक प्राप्त गर्ने B.K. Agrawal & Co. लाईनै पहिलो प्राथमिकतामा राखि बैंकको साधारण सभा समक्ष प्रस्ताव पेश गरेको थियो ।

यसरी बैंकको लेखापरीक्षण समिति एवं सञ्चालक समितिले बैंकको लेखापरीक्षण नीति २०२४ बमोजिम प्रस्तावहरुको प्राविधिक र वित्तीय मूल्यांकनको आधारमा साधारण सभा समक्ष लेखापरीक्षक नियुक्तीको लागि पेश गरेको प्रस्तावमा छलफल हुँदा सभाले बैंकको लेखापरीक्षण समिति एवं सञ्चालक समितिले पहिलो स्थानमा सिफारिस गरेको सर्वाधिक अंक प्राप्त गर्ने लेखापरीक्षण फर्म B.K. Agrawal & Co. Siphal, Kathmandu लाई आ.व. २०८२/८३ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको बाह्य लेखापरीक्षक नियुक्ति गर्न र पारिश्रमिक वापत Statutory Audit, Tax Audit, Long Form Audit Report तयारी, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणीकरण, सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को

निर्देशन २० (१) बमोजिमको संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण लगायत प्रचलित ऐन, कानुन बमोजिम बाह्य लेखापरीक्षकले गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्नको लागि कुल लेखापरीक्षण शुल्क एकमुष्ठ जम्मा रु. २५,००,०००/- (अक्षरेपी पच्चिस लाख रुपैंया) भ्याट बाहेक तोक्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

**५**. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ सम्बन्धमा बैंकको बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- ( अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) को ५.५३ प्रतिशतका दरले हुने रु. ७७,९१,७५,९०५/- (सतहत्तर करोड एकान्नब्बे लाख पचहत्तर हजार नौ सय पाँच रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरण गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव सभाले सर्वसम्मतीले पारित गऱ्यो ।

**(ख) विशेष प्रस्ताव**

१. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) को पाँच (५) प्रतिशतका दरले हुने रु. ७०,४४,९९,०१०/- (सत्तरी करोड चौवालीस लाख उनानसय हजार दस रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ बमोजिम माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप/परिमार्जन गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**सिद्धार्थ बैंक लिमिटेडको चौबिसौं वार्षिक साधारण सभा**

**प्रबन्धपत्रमा संशोधन/थप/घटको तीनमहले विवरण**

| दफा उपदफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन तथा थप गर्नु पर्नाको कारण |
|---|---|---|---|
| ५(१)ख | बैंकको जारी पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) हुनेछ । | बैंकको जारी पूँजी रु. १४,७९,४४,७९,१९५/- ( अक्षरेपी चौध अर्ब उनानअसी करोड चौवालीस लाख उनानअसी हजार एक सय पन्चानब्बे रुपैंया मात्र) हुनेछ । | बैंकको हाल कायम चुक्ता पूँजीको पाँच प्रतिशतका दरले बोनश शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत भएकाले । |
| ५(१)ग | बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) हुनेछ । | बैंकको चुक्ता पूँजी रु. १४,७९,४४,७९,१९५/- ( अक्षरेपी चौध अर्ब उनानअसी करोड चौवालीस लाख उनानअसी हजार एक सय पन्चानब्बे रुपैंया मात्र) हुनेछ । | |

**३**. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ बमोजिम सञ्चालकको भत्ता तथा सुविधामा थप तथा हेरफेर र सो बमोजिम बैंकको नियमावलीमा देहाय बमोजिम सामयिक संशोधन गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

## सिद्धार्थ बैंक लिमिटेडको चौबिसौं वार्षिक साधारण सभा

## नियमावलीमा संशोधन/थप/घटको तीनमहले विवरण

<table>
<tr><th>दफा उपदफा</th><th>विद्यमान व्यवस्था</th><th>प्रस्तावित व्यवस्था</th><th>संशोधन तथा थप गर्नु पर्नाको कारण</th></tr>
<tr><td>३१ (क)</td><td>१. सञ्चालकहरुको बैठक भत्ता तथा सुविधा देहाय बमोजिम हुनेछ :<br>प्रति बैठक अध्यक्षलाई रु. १८,००० का दरले र सञ्चालकलाई रु. १४,००० का दरले बैठक भत्ता उपलब्ध गराईनेछ । भिडियो कन्फेरेन्सिङ्गको माध्यमबाट बैठक बस्दा बैठकको भिडियोको रेकर्ड राखि बैठकको निर्णय उतार पुस्तिका (माईन्यूट) मा स्वयं उपस्थित भई हस्ताक्षर गरेपछि मात्र भत्ता प्रदान गरिनेछ ।</td><td>१. सञ्चालकहरुको बैठक भत्ता तथा सुविधा देहाय बमोजिम हुनेछ :<br>प्रति बैठक अध्यक्षलाई रु. २२,०००/- का दरले र सञ्चालकलाई रु. १७,०००/- का दरले बैठक भत्ता उपलब्ध गराईनेछ । भिडियो कन्फेरेन्सिङ्गको माध्यमबाट बैठक बस्दा बैठकको भिडियोको रेकर्ड राखि बैठकको निर्णय उतार पुस्तिका (माईन्यूट) मा स्वयं उपस्थित भई हस्ताक्षर गरेपछि मात्र भत्ता प्रदान गरिनेछ ।</td><td>विगत चार (४) वर्षदेखी बैठक भत्ता वृद्धि नगरिएकोले बजार परिस्थिती एवं मुद्रा स्फिती अनुरुप सञ्चालकको बैठक भत्ता समय सापेक्ष बनाउन वाञ्छनीय भएकाले ।</td></tr>
<tr><td>३१ (ख)</td><td>बैंकको कामको सिलसिलामा विदेश वा स्वदेश भ्रमण गर्दा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :<br>१. एयरपोर्ट ट्याक्स सहितको बिजनेश क्लास हवाई भाडा र वास्तविक ट्याक्सी खर्च ।<br>२. देहायमा उल्लेख गरे बमोजिम होटल तथा दैनिक भ्रमण भत्ता:
<table>
<tr><th>क्र.सं.</th><th>क्षेत्रहरु</th><th>ठाउँ</th><th>होटल खर्च</th><th>दैनिक भ्रमण भत्ता</th></tr>
<tr><td>१.</td><td>क्षेत्र नं. १</td><td>नेपाल र भारत बाहेक अन्य देशहरु</td><td>वास्तविक खर्च वा USD$ २६५ मध्ये न्युनतम रकम</td><td>USD$ १६५</td></tr>
<tr><td>२.</td><td>क्षेत्र नं. २</td><td>भारत</td><td>वास्तविक खर्च वा भा.रु. १२,००० मध्ये न्युनतम रकम</td><td>भा.रु. ३,०००</td></tr>
<tr><td>३.</td><td>क्षेत्र नं. ३</td><td>नेपाल</td><td>वास्तविक खर्च</td><td>ने.रु. ४,०००</td></tr>
</table></td><td>बैंकको कामको सिलसिलामा विदेश वा स्वदेश भ्रमण गर्दा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :<br>१. एयरपोर्ट ट्याक्स सहितको बिजनेश क्लास हवाई भाडा र वास्तविक ट्याक्सी खर्च ।<br>२. देहायमा उल्लेख गरे बमोजिम होटल तथा दैनिक भ्रमण भत्ता:
<table>
<tr><th>क्र.सं.</th><th>क्षेत्रहरु</th><th>ठाउँ</th><th>होटल खर्च</th><th>दैनिक भ्रमण भत्ता</th></tr>
<tr><td>१.</td><td>क्षेत्र नं. १</td><td>नेपाल र भारत बाहेक अन्य देशहरु</td><td>वास्तविक खर्च</td><td>USD$ २५०</td></tr>
<tr><td>२.</td><td>क्षेत्र नं. २</td><td>भारत</td><td>वास्तविक खर्च</td><td>भा.रु. ६,०००</td></tr>
<tr><td>३.</td><td>क्षेत्र नं. ३</td><td>नेपाल</td><td>वास्तविक खर्च</td><td>ने.रु. ५,०००</td></tr>
</table></td><td>विगत सात (७) वर्षदेखी सञ्चालकको विदेश वा स्वदेश भ्रमण गर्दा प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता वृद्धि नगरिएकोले बजार परिस्थिती एवं मुद्रा स्फिती अनुरुप सञ्चालकको विदेश वा स्वदेश भ्रमण भत्ता समय सापेक्ष बनाउन वाञ्छनीय भएकाले ।</td></tr>
</table>

४. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ बमोजिम माथि प्रस्ताव गरिए बमोजिम प्रबन्धपत्र र नियमावलीमा संशोधन लगायत सोसँग सम्बन्धित कार्यहरु स्वीकृती र अभिलेखका क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतमा संशोधन/फेरबदल गर्न निर्देशन सुझाव प्राप्त भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

५. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ बमोजिम सञ्चालक समितिको मिति २०८२ साल ज्येष्ठ २३ गते बसेको ४५२औं बैठकले कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंकको नियमावलीको अधिनमा रहि स्वतन्त्र सञ्चालक पदमा चार (४) वर्षका लागि श्री कमला वाग्लेलाई नियुक्त गरेकोमा सो नियुक्तिलाई अनुमोदन गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

६. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ६ बमोजिम बैंकले आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा देहाय बमोजिमका विभिन्न संघसंस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएका रु. एक लाख भन्दा माथिको आर्थिक सहयोग रकम उपलब्ध गराउने सञ्चालक समिति एवं व्यवस्थापनको निर्णयलाई कम्पनी ऐन २०६३ को दफा १०५ (१) (ग) बमोजिम अनुमोदन गर्ने सम्बन्धी विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**क) शिक्षा**

- वि.सं २०८० कात्तिक १७ गतेको भूकम्पबाट पश्चिम रुकुम स्थित सानीभेरी गाउँपालिकामा क्षतिग्रस्त भएको श्री जनप्रिय आधारभूत विद्यालय भवनको पुनर्निर्माणका लागि रु ८१ लाख ७९ हजारको लागतमा सम्झौता गरिएको छ । उक्त भवनको लागि समिक्षा वर्षमा रू २२ लाख ७० हजार खर्च गरिएको छ । भवन निर्माणको बाँकी रकम निर्माण कार्य सम्पन्न भए पश्चात् सम्झौताअनुसार प्रदान गरिनेछ ।
- काठमाण्डौ, विशालनगरमा मुख्य कार्यालय रहेको ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठी (RHEST) को हेरचाहमा रहेका ३५ जना विपन्न बालिकाहरूको विद्यालय शुल्क र आवश्यक शैक्षिक सामाग्री व्यवस्थापनका लागि रू ५ लाख १३ हजार प्रदान गरिएको छ ।
- बुटवल उपमहानगरपालिका-३ मा अवस्थित चिडियाखोला बाल विकास केन्द्रको भान्सा निर्माण (फल्स सिलिङ्ग र ढलानसहितको ट्रस्ट जडान) का लागि रु ४ लाख ९५ हजार सहयोग प्रदान गरिएको छ ।
- नवलपुर जिल्ला, देवचुली नगरपलिका-०९ स्थित श्री कालिका माध्यमिक विद्यालयका विद्यार्थीहरूका लागि रु २ लाख ७१ हजार बराबरको शैक्षिक र खेलकुद सामग्रीहरू प्रदान गरिएको छ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत आर्थिक र सामाजिक रूपमा पिछडिएका विद्यार्थीहरूलाई निःशुल्क पोशाक र अन्य आवश्यक शैक्षिक सामग्रीहरूका लागि धनगढी उपमहानगरपालिकालाई रू. २ लाख ५५ हजार प्रदान गरिएको छ ।
- बैंकद्वारा निर्माण गरी हस्तान्तरण गरिएको कास्कीस्थित अमरसिंह नमुना माध्यमिक विद्यालयको कक्षाकोठाको भित्री संरचनाको स्तरोन्नतिको उद्देश्यले रु २ लाख २५ हजार बराबरको विद्युतिय उपकरण (बत्ती र पङ्खा), झ्यालमा फलामे ग्रिल, र जिप्सम सिलिङ्ग प्यानल जडान गरिएको छ ।
- गण्डकी प्रदेश टेनिस संघको टेनिस ट्यालेन्ट हन्ट कार्यक्रममा छनोट भएका विपन्न परिवारका बालबालिकाहरूको शिक्षाको लागि रु २ लाख प्रदान गरिएको छ ।
- श्री भुर्तेल आधारभूत विद्यालय, पोखराका विद्यार्थी, शिक्षक तथा आगन्तुकहरूलाई शुद्ध खानेपानी सुनिश्चित गर्ने उद्देश्यले रु १ लाख ९० हजारको पानी शुद्धीकरण उपकरण (आर.ओ वाटर प्युरिफायर) जडान गरिएको छ ।

- बैंकले समावेशी र गुणस्तरीय शिक्षामा टेवा पुऱ्याउने उद्देश्यले कैलालीस्थित श्री पञ्चोदय माध्यमिक विद्यालयका २५ जना दृष्टिविहीन विद्यार्थीहरूका लागि रू १ लाख ७६ हजार बराबरको ब्रेल शिक्षासामग्री (ब्रेल कागज, बी ग्रेडको इन्टरपोजिङ ब्रेल स्लेट र स्टायलस, विद्यालय झोला तथा सफ्टवेयर सहितको २ वटा कम्प्युटर) प्रदान गरेको छ ।
- ललितपुरमा अवस्थित शिक्षामा साझेदारी (PIE) क्लबको समन्वयमा काठमाडौंका विभिन्न सरकारी विद्यालयका १९० जना विद्यार्थीहरूलाई रु १ लाख ५० हजार बराबरको झोला वितरण गरिएको छ ।
- विद्यार्थीहरूका प्राविधिक तथा व्यवसायिक सीपहरू प्रदर्शन गर्न, सिर्जनात्मक सिकाईलाई प्रोत्साहित गर्न र आत्मविश्वास बढाउन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित अन्तर कलेज कार्यक्रम आयोजनाको लागि रु १ लाख ५० हजार प्रदान गरिएको छ ।
- गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न र श्रव्य दृश्यमा आधारित पाठ्यक्रम अध्यापन गराउने उद्देश्यले श्री डिम जनता माध्यमिक विद्यालय, लालबन्दीलाई रु १ लाख ३० हजार बराबरको स्मार्ट बोर्ड प्रदान गरिएको छ ।
- श्री सरस्वती माध्यमिक विद्यालय, कैलालीमा विद्यार्थी, शिक्षक तथा आगन्तुकहरूलाई शुद्ध खानेपानीमा पहुँच सुनिश्चित गर्ने उद्देश्यले रु १ लाख २५ हजार बराबरको खानेपानी ट्यांकी जडान गरिएको छ ।
- श्री बाल कल्याण माध्यमिक विद्यालय, बेसीशहरमा विद्यार्थी, शिक्षक तथा आगन्तुकहरूलाई शुद्ध खानेपानीको व्यवस्थाको लागि रु १ लाख ११ हजारको पानी शुद्धीकरण उपकरण (आर.ओ वाटर प्युरिफायर) जडान गरिएको छ ।
- महालक्ष्मी नगरपालिका वडा नं. १०, ललितपुरको श्री बासुकी माध्यमिक विद्यालय र श्री कालिदेवी माध्यमिक विद्यालयका शिक्षकहरूलाई अनुभवी प्रशिक्षक उपलब्ध गराउने र शिक्षकहरूलाई व्यावहारिक अनुभवका आधारमा सक्षम बनाउँदै विद्यालयमा अध्ययन अध्यापन अभ्यासलाई अझ प्रभावकारी बनाउने उद्देश्यले नहुदा सेवा संस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न रु १ लाख १० हजार प्रदान गरिएको छ । यस कार्यक्रमको मूल्याङ्कन प्रतिवेदन प्राप्त भए पश्चात् बाँकी रु १ लाख १० हजार रकम प्रदान गरिनेछ ।
- श्री नवज्योति माध्यमिक विद्यालय, कैलालीमा विद्यार्थीहरुका लागि उचित बसाईको व्यवस्था सुनिश्चित गर्न तथा अनुकूल शैक्षिक वातावरण प्रवर्द्धन गर्न ५० जोडी डेस्क र बेञ्च निर्माणको लागि रु १ लाख प्रदान गरिएको छ ।

**ख) स्वास्थ्य**

- बालबालिकाहरूलाई उचित र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यका साथ निर्माण भइरहेको हेपाली हाइट, काठमाडौं स्थित काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थको बाल अस्पताललाई रू. १ करोड प्रदान गर्नेसम्बन्धी सम्झौता अनुसार यस आर्थिक वर्षमा रू. ३० लाख प्रदान गरिएको छ । बैंकले आ.व. २०८०/८१ मा रू. २० लाख प्रदान गरेको थियो भने बाँकी रकम कार्य सम्पादनको प्रगती हेरी सम्झौताअनुसार प्रदान गर्दै जानेछ ।
- बाँसबारी, काठमाण्डौ स्थित शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका बिरामीहरूको उचित हेरचाह र उपचारको लागि आवश्यक शैयाको सँख्या बढाउनुका साथै पुराना शैयाहरूलाई नयाँले प्रतिस्थापन गर्न रु १० लाख प्रदान गरिएको छ ।
- काभ्रे जिल्ला, बनेपा स्थित अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र (HRDC) ले मधेश प्रदेशमा सञ्चालन गरेको स्वास्थ्य शिविरमार्फत पहिचान गरिएका २४ जना शारीरिक अपाङ्गता भएका बालबालिकाको पुनर्स्थापनाका लागि आवश्यक सहायक उपकरणहरू, हेरचाह, उपचार र शल्यक्रियाको व्यवस्थापनका लागि रु १० लाख प्रदान गरिएको छ ।
- गेटा आँखा अस्पताल, धनगढीको पुरानो उपकरणहरु प्रतिस्थापन गर्नका लागि रु ९ लाख ५० हजार बराबरको स्लिट ल्याम्प, ३ वटा बीआई माइक्रोस्कोप, अल्ट्रासाउन्ड स्क्यान र वाल माउन्ट रेटिनास्कोप प्रदान गरिएको छ ।
- बैंकको वार्षिकोत्सवको अवसरमा देशका सातै प्रदेशहरूमा नेपाल रेडक्रस सोसाइटीको समन्वयमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो र उक्त रक्तदान कार्यक्रमको कुल खर्च रू. ५ लाख ९७ हजार रहेको थियो ।
- मस्तिष्क पक्षघातबाट प्रभावित शिशु तथा बालबालिकाहरूका लागि विशेष हेरचाह र प्रारम्भिक उपचार सेवा प्रदान गर्ने सेरेब्रल पाल्सी बेबी डे केयर सेन्टर सञ्चालनका लागि रोटरी कल्ब अफ बिराटनगर डाउनटाउनलाई रू. ५ लाख प्रदान गरिएको छ ।

- दाङ स्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रशासनिक कार्यक्षमता बढाउने उद्देश्यले रू ३ लाख ६० हजार बराबरको ५ वटा कम्प्युटर सहयोग प्रदान गरिएको छ ।
- दृष्टिविहीन व्यक्तिहरूलाई सहज रूपमा हिँडडुल गर्न सहयोग पुऱ्याउने उद्देश्यले बैंकले मधेश प्रदेशका १७८ दृष्टिविहीन व्यक्तिहरूका लागि सेतो छडी खरिदका लागि काठमाण्डौ स्थित मुख्य कार्यालय रहेको अपाङ्गता संरक्षण नेपाल (DCN) लाई रू २ लाख २२ हजार प्रदान गरेको छ ।
- भीमदत्त नगरपालिका वडा नं. ४, महेन्द्रनगर बजारमा सर्वसाधारणलाई स्वच्छ पिउने पानीको पहुँच सुनिश्चित गरी सार्वजनिक स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले रु १ लाख ७० हजारको डिस्पेन्सर ट्याङ्की जडान गरिएको छ ।
- ललितपुरस्थित नशा रहित समाज नेपालको हेरचाहमा रहेका बिरामीलाई गुणस्तरीय खाना उपलब्ध गराउने उद्देश्यले भान्साघर निर्माणको लागि रू १ लाख ५० हजार प्रदान गरिएको छ ।
- पुरुष स्वास्थ्य सम्बन्धी सचेतना जगाउन र स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने लक्ष्यका साथ राउन्ड टेबल नेपालले आयोजना गरेको 'पुरुष स्वास्थ्य चेतना अभिवृद्धिका लागि मोटरसाइकल ऱ्याली' कार्यक्रम सञ्चालन गर्न रु १ लाख सहयोग प्रदान गरिएको छ ।
- खेलाडीहरूको स्वच्छ स्वास्थ्य र समग्र जीवनमा खेलकुदको महत्वलाई प्रोत्साहन गर्ने उद्देश्यले बैंकले प्रदेशस्तरीय खेल आयोजनका लागि प्रदेश खेलकुद विकास समिति, कोशी प्रदेशलाई रू १ लाख प्रदान गरेको छ ।

**ग) मानवीय सहयोग तथा राहत**

- वि.सं २०८१ साल असोज ११ गते देखि १३ गतेसम्म देशका विभिन्न ठाउँहरूमा भारी वर्षाका कारण उत्पन्न बाढी र पहिरोले मानव जीवनमा गम्भीर असर पुऱ्याउनुका साथै सडक, पुल, विद्यालय तथा अन्य भौतिक संरचनामा पुऱ्याएको क्षतिबाट प्रभावितहरूको राहत र संरचनाको पुनर्स्थापनाका लागि प्रधानमन्त्री राहत कोषमा रु २५ लाख प्रदान गरिएको छ ।
- असहाय भएका जेष्ठ नागरिकहरूलाई सुरक्षित, सम्मानजनक र आत्मीय बसोबास उपलब्ध गराउने उद्देश्यले वालिङस्थित गह्रोसुर मन्दिर परिसरमा निर्माणाधीन वृद्धाश्रमका लागि श्री गह्रोसुर धार्मिक तथा पर्यटकीय केन्द्रलाई रु ५ लाख प्रदान गरिएको छ ।

**घ) वातावरण**

- विश्व वातावरण दिवसको अवसरमा स्वच्छ वातावरण निर्माणमा सघाउ पुऱ्याउने उद्देश्यले बैंकको सातै वटा प्रदेशमा सञ्चालित बैंक शाखाहरु मार्फत बिरुवा वितरणका साथै पर्यावरणमैत्री पदयात्रा र नो प्रिन्ट डे जस्ता कार्यक्रमहरू आयोजना गरी सो दिवस मनाइएको छ । विश्व वातावरण दिवसमा आयोजना गरिएको सबै कार्यक्रमको कुल खर्च रू. ५ लाख ८५ हजार रहेको छ ।
- दाङको लमही स्थित ग्रिन पार्कमा आगन्तुक तथा समुदायका सदस्यहरूका लागि आरामदायी प्रतीक्षालय निर्माणका लागि अजम्बरी सामुदायिक वन तथा उपभोक्ता समूहलाई रु १ लाख ४१ हजार प्रदान गरिएको छ ।
- "बर्गाच्छी रानी डिभाइडर वृक्षारोपण तथा सुन्दरीकरण" कार्यक्रमको लागि बिराटनगर महानगरपालिकालाई रु १ लाख प्रदान गरिएको छ ।

**ङ) वित्तीय साक्षरता**

- हिमालय एचडी टेलिभिजन तथा युट्युबमार्फत प्रसारण हुने 'बुहारी' नामक धारावाहिकको नौवटा भाग मार्फत वित्तीय साक्षरता सम्बन्धी सचेतनामूलक सामग्री प्रसारणको लागि रू. ११ लाख ३० हजार खर्च गरिएको छ ।
- महिला उद्यमीहरूको वित्तीय ज्ञान र मनोवृत्तिमा सुधारको उद्देश्यले रुपन्देहीको तिलोत्तमा नगरपालिकामा ५५ जना महिला उद्यमीहरूको सहभागिता रही आयोजना गरिएको कार्यक्रमका लागि रू. ५ लाख ५५ हजार खर्च गरिएको छ ।

- स्थानीय तथा क्षेत्रीय स्तरमा वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले वित्तीय साक्षरतासम्बन्धी चेतनामूलक श्रव्य रेडियो जिङ्गल सातवटा क्षेत्रीय भाषाहरू (मैथिली, भोजपुरी, अवधी, गुरुङ, नेवारी, डोटेली र राई) र प्रत्येक भाषामा चारवटा गरी कुल २८ वटा जिङ्गलहरू निर्माणमा रु ३ लाख ७९ हजार खर्च गरिएको छ । यसैगरी, गुरुङ भाषामा तयार पारिएको ३० सेकेन्डको चारवटा वित्तीय साक्षरतासम्बन्धी चेतनामूलक जिङ्गल गण्डकी प्रदेशको १० वटा क्षेत्रीय एफएमहरू मार्फत प्रसारण गर्न रु १ लाख २९ खर्च गरिएको छ ।
- ३२ जना शाखारहित बैंकिङ्ग एजेन्टहरूको वित्तीय ज्ञान, सीप, मनोवृत्ति र व्यवहारमा सुधार ल्याउने उद्देश्यले वित्तीय साक्षरता कार्यक्रमका लागि रु ३ लाख ५८ हजार खर्च गरिएको छ ।
- जितपुर सिमरा उपमहानगरपालिका र वीरगंज महानगरपालिकामा क्रमशः ५१ जना विप्रेषण प्रापक र ५२ जना सम्भावित वैदेशिक रोजगारमा जाने श्रमिकहरूको ज्ञान र व्यवहारमा सुधार ल्याउने उद्देश्यले वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालनका लागि रु २ लाख ९५ हजार खर्च गरिएको छ ।
- लघु, साना तथा मझौला उद्यमीहरू तथा खुद्रा व्यवसायीहरूलाई लक्षित गरी, व्यवसायिक कारोबारहरू व्यक्तिगत बचत खाताबाट नगरी व्यवसायको नाममा खोलिएको बैंक खातामार्फत कारोबार गर्नुपर्दछ भन्ने सचेतनामूलक श्रव्य-दृश्य सामग्री निर्माणको लागि रु १ लाख ७६ खर्च गरिएको छ ।
- बैंकले 'ग्लोबल मनी विक २०२५' को अवसरमा नेपालका सातैवटा प्रदेशका २५ स्थानहरूमा वित्तीय साक्षरता कार्यक्रम, १५ स्थानमा बैंक शाखा भ्रमण कार्यक्रम र सामाजिक सञ्जालमा प्रश्नोत्तरी प्रतियोगिता सञ्चालन गरेको थियो । विद्यार्थी लक्षित उक्त वित्तीय साक्षरता कार्यक्रममा कुल १,२६० विद्यार्थी र बैंक शाखा भ्रमण कार्यक्रममा कुल ४६८ विद्यार्थीको सहभागिता रहेको थियो । साथै, बैंकले आ.व.२०८१/८२ मा वित्तीय साक्षरतालाई थप प्रवर्द्धन गर्ने उद्देश्यले सामाजिक सञ्जालबाट १७ वटा चेतनामूलक सामग्री समेत पोस्ट गरेको थियो । उक्त कार्यक्रमहरू सञ्चालन गर्न रू १ लाख ५ हजार खर्च गरिएको छ ।

**च) दिगो विकास लक्ष्य**

- महिला सशक्तिकरण, लैङ्गिक समानता, नेतृत्व विकास र निर्णय प्रक्रियाका सबै तहमा महिलाको पूर्ण सहभागिताको उद्देश्यको साथ राजनीति, समाज, संस्कृति, खेलकुद, शिक्षा लगायत अन्य क्षेत्रमा महत्वपूर्ण योगदान दिएका ५० महिलालाई सम्मान गर्दै समाजका अन्य महिलालाई प्रोत्साहन गर्न आयोजित '५० प्रभावशाली महिला २०८१' कार्यक्रम सञ्चालन गर्न रु १५ लाख प्रदान गरिएको छ ।
- विश्व पानी दिवस, २०२५ को अवसरमा पानी संरक्षणबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले 'सिद्धार्थ बैंक वाक फर वाटर, वाक फर लाइफ' प्रभातफेरी प्रथम संकरण शुद्ध पिउने पानीको पहुँच सुनिश्चित गर्ने उद्देश्यले सातै प्रदेशको विभिन्न नौ सार्वजनिक स्थानमा ५० LPH क्षमता भएको पानी शुद्धीकरण उपकरण (आर.ओ वाटर प्युरिफायर) जडान र पानी संरक्षण सम्बन्धी सचेतना/सन्देश मूलक सामाग्री निर्माण र प्रदर्शन जस्ता कार्यक्रमहरू आयोजना गरी पानी दिवस मनाइएको थियो । प्रभातफेरी कार्यक्रम सञ्चालनमा रु १२ लाख ४ हजार र पानी शुद्धीकरण उपकरण खरिद तथा जडानमा रु ४ लाख ९३ हजार खर्च गरिएको छ ।
- पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सोलुखुम्बु जिल्ला स्थित नाम्चेमा निर्माणाधीन हिमालय बुद्ध पार्क निर्माणका लागि हिमालय बुद्ध पार्क निर्माण समितिलाई रू. २० लाख प्रदान गर्नेसम्बन्धी सम्झौता गरिएको छ । बैंकले रू. १० लाख समिक्षा वर्षमा प्रदान गरेको छ भने बाँकी रकम निर्माण कार्य सम्पादनको विवरणहरू मुल्याङ्कन गरी सम्झौताअनुसार प्रदान गर्दै जानेछ ।
- संस्कृति प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्यले 'दशैं आयो' शीर्षकमा आधारित साङ्गीतिक श्रव्य दृश्य सामग्री निर्माण गर्न रु ३ लाख ३९ हजार खर्च गरिएको छ ।
- संस्कृति प्रवर्द्धनका लागि इन्द्रजात्रा मनाउन गंगा क्लब, काठमाडौंलाई टि-सर्ट, पूजा सामग्री, सगुन आदि व्यवस्थापनका लागि रू. १ लाख ४७ हजार प्रदान गरिएको छ ।
- सोलुखुम्बु जिल्ला स्थित नाम्चे युवा समुहको २५औं वार्षिकोत्सव तथा एभरेष्ट दिवस २०२५ को अवसरमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले तीन दिने कार्यक्रम आयोजना गर्नका लागि नाम्चे युवा समुहलाई रु १ लाख प्रदान गरिएको छ ।

छ) अन्य

- जिल्ला प्रशासन कार्यालय, चितवनमा सेवाग्राहीहरूको सुविधाका लागि रु २ लाख ९८ हजार बराबरको १२ वटा फलामे बेन्च प्रदान गरिएको छ ।
- विश्व पानी दिवस २०२५ को अवसरमा सातै प्रदेशको विभिन्न बैंक शाखामा पानी संरक्षण सम्बन्धी सचेतना/सन्देश मूलक सामाग्री निर्माण गरी प्रदर्शन गर्न रु १ लाख ९ हजार खर्च गरिएको छ ।
- महिला उद्यमीहरूको उत्पादन प्रदर्शन गरी महिला उद्यमशीलताको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रमको लागि नेपाल महिला उद्यमी संघलाई रु १ लाख प्रदान गरिएको छ ।
- विरगंज महानगरपालिकासँग सहकार्यमा सार्वजनिक स्थानहरूमा सि.सी.टिभी क्यामेरा जडान गर्ने विरगंज चेम्बर अफ कमर्सको पहललाई सहयोगार्थ रु १ लाख प्रदान गरिएको छ ।
- पृथ्वी दिवस २०२५ को अवसरमा पृथ्वी सबै प्राणीको साझा घर र उनीहरुको पनि समान रुपमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्ने उद्देश्यले सडकमा रहेका जनावरहरूको व्यवस्थापनमा र हेरचाहमा कार्यरत स्नेहा केयर, ललितपुर लाई रु १ लाख प्रदान गरिएको छ ।

(ग) **विविध -** विविध एजेण्डा अन्तर्गत कुनै विषय नभएको ।

## १३. सभा विसर्जनः

अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा/बहुमतले रुपमा पारित भएको घोषणा गर्नुभयो ।

उच्च उत्साह एवं उमंगका साथ लामो समय सम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा सहभागी भई यस साधारण सभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो । आदरणीय शेयरधनी महानुभावहरुले दिनु भएका अमूल्य सल्लाह तथा सुझावहरु कार्यान्वयन गरिरहेको र साथै, आगामी दिनमा पनि शेयरधनी महानुभावहरुबाट निरन्तर सुझाव एवं सहयोगको अपेक्षा गर्दै प्राप्त सुझाव कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो । आगामी दिनहरु निश्चितरुपले आर्थिक दृष्टिकोणबाट कठीन छन । कठीन अवस्थामा पनि यस बैंक अझै सुदृढ भई काम गर्दै जानेछ । भविष्यमा आउने चुनौतीहरुको सामना गरी आदरणीय शेयरधनी महानुभावले दिनुभएका सल्लाह, सुझावहरुलाई आत्मसाथ गरी थप उर्जाका साथ अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

अन्त्यमा, बैंकको उन्नति र प्रगतिको सहयात्रामा साथ दिनुहुने सम्पूर्ण ग्राहक महानुभावहरु, शेयरधनी महानुभावहरु, संस्थापकहरु, संस्थापक एवं निवर्तमान अध्यक्ष, पूर्व सञ्चालकहरु, विद्यमान सञ्चालक, नेपाल सरकार, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नियमनकारी निकायहरु श्री नेपाल राष्ट्र बैंक, श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, बाह्य लेखापरीक्षक एवं आर्मी अफिसर्स क्लब परिवारप्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको प्रशंसा गर्दै साथै, बैंक र सञ्चालक समितिलाई आउँदा वर्षहरुमा समेत सबै सरोकारवालाहरुबाट निरन्तर रुपमा सहयोग प्राप्त भैरहने अपेक्षा राख्दै चौबीसौं वार्षिक साधारण सभाको कार्यक्रम अपरान्ह ३:०० बजे सभा विसर्जन गर्नु भयो ।

धन्यवाद ।

| | |
|---|---|
| लक्ष्मण घिमिरे | राहुल अग्रवाल |
| (कम्पनी सचिव) | (अध्यक्ष) |